
# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माङसेबुङ गाउँपालिका
## इलाम

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माङसेबुङ गाउँपालिका

## इलाम

### आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## माङसेबुङ गाउँपालिका

## इलाम

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**जेठ,२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

मिति:२०८१।०२।१३

प.सं. २०८०।८१
च.नं. १७१

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू ,
माङसेबुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
इलाम।

१. **कैफियत सहितको राय—** हामीले गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूची, एकीकृत आय व्यय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को वित्तीय प्रतिवेदन, संलग्न अनुसूचीहरू, एकीकृत आय-व्यय विवरण र त्यससँग सम्बन्धित अन्य गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय प्रतिवेदन महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रू. ४५ लाख ६४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ४ लाख ९० हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१० लाख ६८ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख ८ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८ लाख ९७ हजार समेत रु.४० लाख ७४ हजार रहेको छ ।यस पालिकाको गतवर्ष सम्म रु.११ करोड ९१ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ३२ लाख ५६ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने माङसेबुङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. **अन्य व्यहोरा**- यो पालिकासँग सम्बन्धित अन्य व्यहोरा निम्नानुसार छन ।

**३.१** यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण

प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

**३.२** आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्दा गल्ती कमजोरी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माङसेबुङ गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। यस गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी - वित्तीय प्रतिवेदन समग्रमा गल्ती कमजोरी वा त्रुटी समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले उच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका गल्ती कमजोरी वा त्रुटी पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय प्रतिवेदनका उपयोगकर्ताले गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने गल्ती कमजोरी वा त्रुटीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

## माङसेबुङ गाउँपालिका,

इलाम जिल्ला,

### १. चालु वर्षको बेरुजु २०७९।८०

#### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०३ | ४२ | ४५६४ | ० | ६ | ४९० | १०३ | ३६ | ४०७४ | १०६८ | २१०८ | ८९७ | ० | ० | ३००६ | ० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु.हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ११९१८२ | ० | ० | ११९१८२ | ० | ४०७४ | १२३२५६ |

### ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० | | | |
| १ | | विभिन्न दफा | नाम्स प्रणालिमा उल्लेख | ४९०३८६/- |
| | | | **जम्मा** | **४९०३८६/-** |

## परिचय

१ **परिचय :**

**(क) माङसेवुङ गाउँपालिकाको परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस माङसेवुङ गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १४२.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा करिब १८ हजार ५ सय ३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय — व्ययतर्फ रु. ६११८७४७५४.२, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ६११८७४७५४.२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम माङसेवुङ गाउँपालिका, गाउँकार्यपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकारको आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छः

| एकिकृत आर्थिक विवरण २०७९।८० | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आयतर्फ** | | | | **व्ययतर्फ** | | | |
| **सि.नं** | **विवरण** | **रकम** | **रकम** | **सि.नं** | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | २८३९५९६२१.२७ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १६४०९२९८५.२७ | |
| | ख) बैंक | ९४५१५४२६.३१ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ६८७८९६९.७३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७१७३४५५४.६२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९१६६७५०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | २२०७१९००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ७०००००० | | ५ | **धरौटी खर्च** | | |
| | घ) विशेष अनुदान | | | | फिर्ता | १३४६९८६ | |
| | | | | | सदरस्याहा | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ६ | जनश्रमदान फिर्ता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) वित्तिय समानीकरण अनुदान | ४५५७००० | | ७ | कोष फिर्ता | | |
| | ख) सशर्त अनुदान | २२१९२००० | | ८ | **मौज्दात** | | |
| | ग) समपूरक अनुदान | १०००००० | | | क) सञ्चित कोष खाता बैंक मौज्दात | ४५३०७४४७.९ | |
| | घ) विशेष अनुदान | | | | आन्तरिक अनुदान खाता | | |
| | | | | | बाँडफाटबाट प्राप्त राजश्व | | |
| | | | | | ख) नगद मौज्दात | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | ९ | शसर्त अनुदान फिर्ता | ३५९०४३९६.२२ | |
| ६ | **अन्तर सरकारी अख्तियारी** | | | १० | गत वर्षको बढी अल्या | | |
| | क सामाजिक सुरक्षा | ७१२४६००० | | ११ | अन्तर सरकारी अख्तियारी | | |
| | ख) गरिवसँग विश्वेश्वर कार्यक्रम | ४२५५२० | | | क) सामाजिक सुरक्षा | ७१२४६००० | |
| | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | | ख) सामाजिक सुरक्षा भत्ता फिर्ता | | |
| ६ | **अन्य** | | | | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) सडक बोर्ड नेपाल | | | | घ) गरिबसँग विश्वेश्वर | ४२५५२० | |
| ७ | **धरौटी** | | | | ङ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | | |
| | धरौटी आय | | | | च) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | |
| ८ | **विभिन्न कोषतर्फको आय** | | | १२ | जनश्रमदान मौज्दात | | |
| | क प्रकोप ब्यबस्थापन कोष | ५३८१२०.६३ | | १३ | धरौटी बाँकी | ६५१५४७३.१६ | |
| | थप | २०००००० | | १४ | कोष खाताको मौज्दात | | |
| | ख बिबिध खर्च खाता | ५३८२०३.७५ | | | क) प्रकोप व्यवस्थापन कोष | २४६८८८९ | |
| ९ | **धरौटी मौज्दात** | ४३१८४५२ | | | ख) प्रकोप व्यवस्थापन कोष बाँकी | ६९२३१.६३ | |
| | **धरौटी आय** | ३५४४००७.१६ | | | ग) विविध खर्च खाता | ५३८२०३.७५ | |
| १० | **लगानीको साँवा फिर्ता** | | | | घ) विविध खर्च खाता बाँकी | | |
| ११ | **अन्य विविध आय** | | | | चालु बैंक मौज्दात | | |
| | **जम्मा** | ६११८७४७५४.२ | | | | ६११८७४७५४.२ | |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७१२४६००० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रममा शून्य र अन्य रु. ४२५५२० समेत गरी रु.७१६७१५२० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू ५८५६५७२.६३, यस वर्षको प्राप्ति रु.११३९७०६९२.६, यस वर्षको भुक्तानी रु. १०८४००११५.९७ बैङ्क मौज्दात रु.२८५,९९६/- फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १००३७१९९८।९४ | ४०३३८८६३५।२९ | ४५१५८२४८५।५४ | ५२१७८१४८।६९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९४५१५४२६।३१ | ५१७३५९३२७।८९ | ५५९९८२६०१।५१ | ५१८९२१५२।६९ |
| फरक | ५८५६५७२.६३ | -११३९७०६९२.६ | -१०८४००११५.९७ | २८५९९६ |

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.४ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८२६७८६२७।८१ मौज्दात देखिएकोमा यस वर्ष रू ९४५१५४२६।३१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११८३६७९८।५ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३.५ **बैंक हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार गर वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्दा स्रेस्ता भन्दा बैंक मौज्दात रू.२८५,९९६।- घटी देखिएकोमा भौचर दोहोरो पोष्टिङ भएकोले फरक परेको बैंक हिसाब विवरण पेश भएको छ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च (रू हजारमा) | त्रैमासिक खर्च (रू हजारमा) | | | | आषाढ महिनाको खर्च (रू हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | १६४०९२ | ८७०३ | १८१११ | २३५८८ | ११३६९० | ७३५०९ |
| प्रतिशत | | ५.३१ | ११.०४ | १४.३७ | ६९.२८ | ४४.७९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१६४०९२ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८७०३(५.३१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु १८१११ (११.०४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२३५८८ (१४.३७ प्रतिशत) र चौथो त्रैमासिकमा रू ११३६९०(६९.२८) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ७३५०९(४४.७९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.५५ करोड १९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गरी सुत्रबाट बजेट पास गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **खर्च विश्लेषण -** पालिकाको यसवर्ष कुल आन्तिरक आयबाट रु ६८७८९६९।७३, राजस्व बाँडफाँड र अनुदानबाट रु ४२७८७००५४।६२ समेत रू ४३४७४९०२४।३५ आम्दानी भएकोमा चालु तर्फ रु २८३९५९६२१।२७ र पूँजिगत तर्फ रु १६४०९२९८५।२७ र वित्तीय ब्यबस्था तर्फ शुन्य समेत रु ४४८०५२६०६।५४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.५८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५२७७२१० खर्च भएको छ जुन आन्तरिक आयको ७६.७२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६३.३७ प्रतिशत चालु र ३६.६२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १४३ योजनामा रू.७,९१,००,०००/- वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय/वडास्तरीय | १४३ | ० | ६२ | ८१ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका सबै योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २६४००००० | १७०२४७२८ | ६४.४८ |
| २ | पूर्वाधार विकास | ३१५९५००० | १००७९२११२।२७ | ७७.१८ |
| ३ | सामाजिक विकास | २४३१२४००० | २०४०३४८०८।७८ | ८३.९२ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १८०००००० | ९९३४२९२ | ५५.१९ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३३८५७१०६।३१ | ११५९८०६६९।४९ | ८६.६५ |
| **जम्मा** | | **५५१९७६१०६।३१** | **४४७७६६६१०।५४** | ८१.१२ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८६.६५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ५५.१९ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

१० **लक्ष्य प्रगति** -पालिकाको कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण

तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११ **तलबी प्रतिवेदन :** शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७९।८० अनुसार स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलबी प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। पालिकाले आर्थिक बर्ष २०७९।८० मा सम्पूर्ण शिक्षकको तलबी प्रतिवेदन पारित नगराई विद्यालयले माग गरेको मागको आधारमा तलव भत्ता भुक्तानी गरेको छ। जसबाट विद्यालयका सम्पूर्ण शिक्षकको तलब र ग्रेड यकिन गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराएर मात्र शिक्षकहरुको तलव भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत र प्रशासनका कर्मचारी सहित ५९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **कर्मचारी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव तथा भत्तामा रु. ७८२८८०२ भुक्तानी गरेको छ। संगठन तथा व्यवस्थापन सर्भे मार्फत दरवन्दी यकिन गरी स्वीकृत दरवन्दी भित्र स्थायी पदपूर्तिका लागि कर्मचारी माग गरी सम्बन्धित निकायमा पठाउनु पर्ने देखिन्छ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| अधिकृत छैटौ | १ | ३७८४४०/- |
| सहायकस्तर पाँचौ तह | १ | १७९०२०/- |
| सहायकस्तर चौथो तह | १७ | ७२७१३४२/- |
| जम्मा | | ७८,२८,८०२/- |

सैद्धान्तिक बेरुजु

१४ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ६ वटा दरबन्दी रहेकोमा ३ वडा कार्यालयमा वडा सचिवको दरवन्दी रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ती नभई रिक्त रहेको छ । पालिकाले वडा सचिवको पदपुर्ती अनिवार्य रूपमा गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **अवकास कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाको कोषमा हालसम्म रू ४७०९६४।५० जम्मा गरेको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिकाले अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम राख्न मिल्ने देखिदैन।

सैद्धान्तिक बेरुजु

१६ **धरौटी तर्फ** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६२, ६६ र ६८ अनुसार धरौटी को रकम बैंकमा दाखिला गरेपछि एक प्रति बैंक भौचर सम्वन्धित कार्यालयमा बुझाई सोको नगदी रसिद लिनुपर्ने, जुन कामको लागि धरौटी राखिएको सो काम समाप्त भएको एक वर्षभित्र धरौटी रकम फिर्ता पाउन सम्बन्धित कार्यालयमा नगदी रसिद (कार्यालय आफैले काटेर राखेको बाहेक) साथ निवेदन दिनुपर्ने र कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखाको अनुसूची १० अनुसारको ढाँचामा गोश्वारा धरौटी खाता (म.ले.प.फा.नं. ६०२), अनुसुची- ११ अनुसारको व्यक्तिगत धरौटी खाता (म.ले.फा नं. ६०१), छुट्टै बैंक नगदी किताव राख्नुपर्ने र म्यादभित्र फिर्ता लिन नआएमा राजस्वमा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । तर कार्यालयले धरौटीको नगदी रसिद नकाट्नुको साथै अनुसुची ११ अनुसारको व्यक्तिगत धरौटी खाता समेत राखेको छैन ।नगदी रसिद नकाट्ने र व्यक्तिगत धरौटी खाता नराखी धरौटी रकम फिर्ता गर्दा सम्बन्धित फिर्ता लिन पाउने व्यक्तिले नै धरौटी फिर्ता लिएको छ भनी यकिन हुन नसक्ने भएकोले कानुनबमोजिम कारोबार गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१८ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आशिंक रुपमा मात्र गरेको पाइयो ।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।
- वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।
- मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।
- पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको ।
- कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन ।
- पालिकाले विभिन्न मितिमा बैठक बस्दा समय उल्लेख गरेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **सेवा प्रवाह -** पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १० अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | **०** |
| जन्मदर्ता | ३५३ |
| मृत्युदर्ता | १०७ |
| बसाईसराई दर्ता | १५५ |
| विवाह दर्ता | १६१ |
| सम्बन्धविच्छेद दर्ता | १३ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | २३.३ कि.मि. |
| ग्राभेल सडक मर्मत | ० |

सैद्धान्तिक बेरुजु

२३ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष ११ विवाद दर्ता भएकोमा ११ वटा नै फस्यौंट बाँकी रहेको देखिदैन । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन, १ वटा मापदण्ड, २ वटा विधेयक, ७ कार्यविधि लगायत ११ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ११ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१९,९१,९७४/- खर्च गरेको छ, जुन आन्तरिक आयको २८.५६ प्रतिशत हुन आउँछ। आन्तरिक श्रोतको अवस्थालाई विचार गरी यस्ता खर्चमा मितव्ययिता ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२६ **अनुदान फिर्ता -** संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको विवरण र सुत्रको वित्तीय प्रतिवेदनको अनुसूची अनुसार देहाय बमोजिम शसर्त तर्फको रकम प्रदेश र संघीय सञ्चित कोषमा रू. ३७,४०२,२८४।२२ फिर्ता पठाएको छ ।

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

२८ **यातायात गुरुयोजना** - स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आफैले निर्माण गरेका र अन्य निकायले निर्माण गरेका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) सहितको यातायात गुरुयोजना तयार गरी सडक निर्माण गर्दा सोही गुरुयोजनालाई आधार मानी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यातायात गुरु योजना तयार गरेको देखिएन । गुरु योजना विना नै विगत वर्षदेखि पालिकाले विभिन्न सडकहरुको स्तरोन्नती, मर्मत, ट्र्याक ओपेनिङ लगायतका काम गर्दै आएको छ । पूँजिगत खर्चको ठूलो हिस्सा यसैमा खर्च भई रहेको छ । तर यातायात गुरु योजना तयार नगरेको कारण पालिका भित्रका सडक सञ्जालमा प्रत्येक वर्ष भएका खर्चको औचित्यता बारेमा विश्लेषण गर्न सकिएन । सडक निर्माणको कार्यलाई दिगो, प्रभावकारी र बजेट औचित्यपूर्ण प्रयोगको लागि अनिवार्य रुपमा यातायात गुरु योजना तयार गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** |
|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४५०००० | ८७६४७५ |
| घरजग्गा वहाल कर | ७०००० | १२०६६३ |
| व्यवसाय कर | १००००० | ३५६०० |
| सिफारिस दस्तुर | २६०००० | ४४२२४६ |
| अन्य दस्तुर | ४००००० | ६९५१९४ |
| अन्य कर | १७५००० | १५६०४६२ |
| **जम्मा** | **१४५५०००/-** | **३७३०६४०/-** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक आय** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५६१३५५०० | ६८७८९६९।७३ | १.९३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३२ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३५६०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **राजस्व बाँडफाँट –** ✂ ........... (प्रारम्भिक प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।६ को निर्णयबाट रु. २९२४००।-सम्परीक्षण गरिएको ।)

३४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर -** ✂ ........... (प्रारम्भिक प्रतिवेदन असुल भएको आधारमा मिति २०८०।१२।६ को निर्णयबाट रु. २९२४००।-सम्परीक्षण गरिएको ।)

३५ **उपभोक्ता समितिको कार्यमा ठुला मेशिनको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९७(९) मा उपभोक्ता समितिवाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेटर, विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशिन प्रयोग गर्न नपाइने उल्लेख छ। पालिकाको कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी निर्माण कार्य गराएका अधिकांश योजनामा एक्साभेटर, जे सि वि र व्याकहो लोडर जस्ता ठुला मेशिन प्रयोग भएको प्रमाण फाँटवारी परिक्षण गर्दा देखियो। उपभोक्ता समितिको कार्यमा ठूला मेशिन प्रयोग गर्दा प्राविधिक कारणले पूर्व नतिजा आङ्कलन गर्न नसकिने, जटिल र नितान्त प्राविधिक प्रकृतिका एवं ठूला मेशिनहरु प्रयोग हुने निर्माण र खरिद कार्य सञ्चालन गर्न उपभोक्ता समितिसँग प्राविधिक ज्ञान, शिप र औजार समेत नहुने भएकोले उपभोक्ता समितिले पुनः ठेकेदार कम्पनीसँग सम्झौता गरी काम गर्ने गरेको हुँदा आयोजनाको गुणस्तर कायम नहुने, त्रुटी सच्याउने अवसर नहुने र खरिद प्रकृयामा प्रतिस्पर्धा समेत नहुने भएकोले उपभोक्ता समितिसँग गरिने खरिद कार्यमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा भएको व्यवस्थालाई पूर्ण पालना गराउन पालिकाले ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिंदैन । पालिकाले यो बर्ष विभिन्न १३० वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. ४९२४७००० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत निर्माण कार्य गराएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालन हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । जसअनुसार केही उदाहरण निम्नानुसार छनः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३८ **मर्मत सम्भार कोष -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले बिभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भएतापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **निर्माण स्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राहि समुदायले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिसँग सामुदायिक भवन र अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना गर्ने निर्माण स्थलको जग्गा कस्को स्वामित्वमा छ, उक्त जग्गा सरकारी तथा सार्वजनिक हो एकिन गर्ने गरेको देखिएन। पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसँग समन्वय गरेर मात्र खरिद सम्झौता गर्नुपर्दछ। साथै सरकारी संरचना निर्माण गर्दा नक्सा पास गरेर मात्र निर्माण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४० **योजना हस्तान्तरण -** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष सञ्चालन गरी कार्य सम्पन्न गरेका योजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन ।

सैद्धान्तिक बेरुजु

४१ **गुणस्तर परीक्षण र विमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । त्यस्तै नियम ११०(१) मा बिस लाख भन्दा बढीको निर्माण कार्यको निर्माण व्यवसायीले अनिवार्य विमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट भएको कामको प्राविधिक गुणस्तरको परीक्षण तथा बिमा आंशिक रुपमा मात्र भएको देखियो । नियमको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **कार्य सम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन।

सैद्धान्तिक बेरुजु

४३ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिने हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने ब्यवस्था छ । पालिकाले देहायबमोजिमको रू.७७,५६,०४६/- को कार्य प्रतिस्पर्धा बेगर

सोझै खरिद गर्दा प्रतिस्पर्धा सीमित हुन गै खरिद कार्य मितव्ययी भएको छैन । खरिद कार्यमा पूर्ण प्रतिस्पर्धा गराई गुणस्तरीय र मितव्ययी तरिकाले गर्नुपर्दछ ।सोझै खरिदको विवरण निम्नअनुसार छः

| भौ. नं. मिति | खरिद कार्यको विवरण | सप्लायर्सको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १७।०७९।६।१३ | मेशिनरी औजार खरिद | इलाम कम्प्युटर सप्लायर्स | २७५७२० |
| ४८।०७९।९।४ | मेशिनरी तथा औजार खरिद | इलाम कम्प्युटर सप्लायर्स | १५४६९७ |
| १०३।०७९।१२।२१ | मेशिनरी तथा औजार खरिद | ग्लोवल नेपाल प्रा लि | ९९७५८८ |
| २२१।०८०।३।७ | मेशिनरी तथा औजार खरिद | इलाम कम्प्युटर सप्लायर्स | ३४९१७० |
| २६०।०८०।३।२१ | मेशिनरी तथा औजार खरिद | भैरब इन्टरनेशनल | २०२४९७ |
| २६१।०८०।३।२१ | मेशिनरी तथा औजार खरिद | भैरब इन्टरनेशनल | २५०००० |
| २७।०८०।२।५ | आई एल आर रेफ्रिजेरेटर खरिद | घिमिरे ट्रेड सेन्टर | ३९९००० |
| ३०६।०८०।३।२ | सोलार खरिद तथा जडान कार्य | एशियन लोटस इन्टरप्राइजेज | ९०४४०७ |
| २८०।०८०।३।२३ | एच डि पि ई पाइप खरिद | पन्त ट्रेडर्स | ५२४३२० |
| ५०।०८०।३।२२ | नविकरणिय उर्जा प्रविधि जडान | सुर्योदय वायोग्यास तथा उर्जा कम्पनी प्रा लि | १७७०८० |
| ५१।०८०।३।२२ | नविकरणिय उर्जा प्रविधि जडान | मुनाल वायो ग्यास निर्माण तथा उर्जा कम्पनी प्रा लि | ४३३७२० |
| २२।०८०।३।१८ | किरात हाङसाय मुओत्लुङ्ग | ए वि सि निर्माण सेवा | ७६७४८६ |
| ३३।०८०।३।२३ | गुरु आश्रम मूल गेट निर्माण | विप्लव कन्स्ट्रक्सन | ९७१९१३ |
| २०।०७९।६।१३ | फर्निचर तथा फिक्चर्स सप्लायर्स | शुभ इम्पेक्स | ४९४७५१ |

| | | | |
|---|---|---|---|
| २४।०७९।६।१३ | फर्निचर तथा फिक्चर्स सप्लायर्स | आर सि फर्निचर्स प्यालेस | ४९०३९९ |
| २८।०७९।७।४ | फर्निचर तथा फिक्चर्स सप्लायर्स | शुभ इम्पेक्स | १४९६४८ |
| ३०।०७९।७।४ | फर्निचर तथा फिक्चर्स सप्लायर्स | आर सि फर्निचर्स प्यालेस | २१३६५० |
| जम्मा | | | ७७५६०४६ |

सैद्धान्तिक बेरुजु

४६ **परामर्स तथा डीपीआर खर्च -**

४६.१ बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको कार्यमा खर्च गरिनु पर्दछ । पालिकाको कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| गो भौ नं र मिति | परामर्श सेवाको विवरण | ल.ई रकम | परामर्शदाता | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३०८।०८०।३।२४ | भु उपयोग योजना तयार कार्य | १५९६४६४ | इन्टेन्सीय स्टडी एण्ड रिशर्च सेन्टर प्रा लि | १५८३६९५/- | १५८३६९५/- |
| ८३।०७९।८।१५ | नदीजन्य स्रोतको आई ई ई कार्य | १४९०००० | स्पार्क रिसर्च सेन्टर प्रा लि | १४८००००/- | १४८००००/- |
| जम्मा | | | | ३०६३६९५/- | ३०६३६९५/- |

यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन :

सैद्धान्तिक बेरुजु

४६.२ **सिमित प्रतिस्पर्धा**: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिष्पर्धा समिति हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक निकायले बीस लाख भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेका परामर्शदातावाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र बीस लाख भन्दा बढी दश करोड रुपैया सम्म लागत अनुमान भएका परामर्श सेवा खरिद गर्नुपरेमा राष्ट्रिय स्तरको आसय पत्रदाता बीच मात्र प्रतिष्पर्धा गराई आशय पत्र माग गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को ७२ र ७० मा उल्लेख छ । पालिका कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका २ आयोजनाहरुको बिस्तृत सर्भे डिजाईन तथा लागत अनुमान तयारी कार्यको लागि २ वटा परामर्शदातावाट सेवा खरिद गरी रु. ३०६३६९५ खर्च लेखेको छ । आफ्नो कार्यक्षेत्र भित्रका भु उपयोग र नदीजन्य आय संकलनको डि.पि.आर. प्रतिवेदन तथा सर्भेक्षण

कार्यको लागि लागत अनुमान वनाई सार्वजनिक खरिद नियमावलीको नियम ७० बमोजिम प्रतस्पर्धा सुनिश्चित गरी सेवा खरिद गर्न सकिने पर्याप्त अवस्था रहेकोमा समेत प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद कार्य गरेको देखिएकोले उक्त खरिद कार्य नियम सम्मत देखिदैन । कार्यालयले ऐन नियममा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४६.३ **पेशागत दायित्वको बिमा नगरेको :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८१(७) मा उल्लेख छ । कार्यालयले रु.३०६३६९५/- सम्झौता रकम भएका २ वटा परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी उक्त रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । कार्यालयले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६,४०,९२,९८५/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **साना सिंचाई कार्यक्रम :**

४८.१ संघीय सशर्त पुँजिगत अन्तर्गत पालिकाभित्र मिति २०७८।६।१९ देखि २०८०।३ मसान्तसम्म जम्मा १३ वटा साना सिंचाई योजना संचालनमा आई ११ योजना सम्पन्न र २ वटा क्रमागत रहेका छन। यी १३ वटा योजनाहरुको कुल लागत रू ७१६११०३० रहेकोमा कार्यालयबाट रू ६२१४३८७८ को प्राविधिक मूल्याङ्कन भई हालसम्म रू ५५९२९४९१ खर्च भएको छ। सिंचाई नीति अनुसार कूल लागत मध्ये उपभोक्ता समितिले १०, स्थानीय सरकारले २०, प्रदेश सरकारले २०, संघीय सरकारले २० र स्वीस सरकारले ३० प्रतिशत लागत व्यहोर्ने गरी सम्झौता भएको र सोही बमोजिम खर्च गरी लेखाङ्कन भएको छ। साना सिंचाई योजना सम्बन्धी विवरण यस प्रकार रहेको छः

| क्र सं | सिंचाई योजनाको नम | ल.ई रकम | सम्झौता मिति | मूल्याङ्कन रकम | भुक्तानी रकम | योजनाको अवस्था |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | श्री कटहरे सिंचाई योजना | ५६९४१७३ | २०७८।६।१९ | ५३५४६१५ | ४८१९१५४ | सम्पन्न |
| २ | श्री चिउटीवोटे सिंचाई योजना | ६८१७५९९ | २०७९।९ | ६५५३८०३ | ५८९८४२३ | सम्पन्न |
| ३ | श्री हाङमाया सिंचाई योजना | ९९०५१९५ | २०७८।६।९ | ९३४४५२४ | ८४१००७१ | सम्पन्न |
| ४ | फेवा खोला सिंचाई योजना | ७५४७३९५ | २०७७।१२।१२ | ७१२०१८३ | ६४०८१६५ | सम्पन्न |
| ५ | गैरी खोला सिंचाई योजना | ३६५६८३७ | २०७९।९।१२ | १८३५१५७ | १६५१६४१ | क्रमागत |
| ६ | आहाले दोभान साजवोटे सातविसे सिंचाई आयोजना | ७७५१४६६ | २०७९।९।४ | ४४०४४१० | ३९६३९६९ | क्रमागत |
| ७ | अमले सिंचाई योजना | ४५०६७१८ | २०७९।९।२५ | ४०६०३३५ | ३६५४३०२ | सम्पन्न |
| ८ | सातविरे सिंचाई योजना | ५३३९८५१ | २०७९।९।१२ | ४७९०५९५ | ४३११५३६ | सम्पन्न |
| ९ | कृषि कुलो सिंचाई योजना | ४८३१७१५ | २०७९।९।७ | ४१४७०९६ | ३७३२३८६ | सम्पन्न |
| १० | मेवाखोला दुम्से सिंचाई योजना | १८२५३८१ | २०७९।९।२८ | १६६१६६३ | १४९५४९७ | सम्पन्न |
| ११ | नागदह सावाखोला सिंचाई योजना | २७७०२८२ | २०७९।९।१४ | २५७९३३२ | २३२१३९९ | सम्पन्न |
| १२ | मूल कूलो सिंचाई योजना | ८७१३८१३ | २०७८।१२ | ८१९९८२४ | ७३७९८४१ | सम्पन्न |
| १३ | बताहा सिरिसे सिंचाई योजना | २२५०६०५ | २०७९।९।११ | २०९२३४१ | १८८३१०७ | सम्पन्न |
| जम्मा | | ७१६११०३० | | ६२१४३८७८ | ५५९२९४९१ | |

यस सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार छन :

सैद्धान्तिक बेरुजु

४८.२ **सीमाभन्दा बढीको काम उपभोक्ता समितिबाट गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १(क) मा रू १ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउनु सक्ने व्यवस्था छ। नियम ९७ को उपनियम १(क) मा उल्लेखित एक करोड रुपैयाँ सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जन सहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ। यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत लागत अनुमानमा एक रुपता कायम गर्न लागत अनुमान भित्र मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र अन्य खर्च समेत समावेश गर्नुपर्ने भनि पत्र संख्या २०७४।७५ च नं ८०७ को पत्रबाट थप स्पष्ट पारेको छ। पालिकाको कार्यालयबाट १३ वटा साना सिंचाई योजनामध्ये उपरोक्त सि नं ३ को हाङमाया सिंचाई योजनामा लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी, व्यवस्थापकीय लागत, जनसहभागिता र मुल्य अभिवृद्धि कर समावेश गरे तापनि ओभरहेड रकम समावेश नगरी १ करोडभन्दा घटी (रू.९९०५१९५/-) को लागत अनुमान तयार गरी जल उपभोक्ता संस्था मार्फत सम्झौता गरी कार्य गराएको छ। पालिकाले यस सिंचाई आयोजनाको लागत अनुमान तयार गर्दा अन्य पक्षका अतिरिक्त ओभरहेड रकम १५ प्रतिशत समेत समावेश गर्दा सिंचाई योजनाको लागत एक करोड भन्दा बढी रू. १,१३,०६,८७३/- हुन आउछ। पालिकाले खरिद प्रकृयामा प्रतिस्पर्धा सीमित हुने गरी ऐन नियममा भएको व्यवस्था विपरित एक करोड भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत देखिएन।

सैद्धान्तिक बेरुजु

४८.३ पालिका र साना सिंचाई कूलो निर्माण कार्यका जल उपभोक्ता संस्थाबीच भएको निर्माण कार्यको सम्झौतामा सिंचाई कुलो योजनामा प्रयोग हुने बाह्य निर्माण सामाग्रीहरु जस्तै समेन्ट, सरिया/छड, थिम्बल र बुलडग ग्रीप, वाइन्डिङ्ग तार, मेश वायर, सेलभेज वायर, जि आई वायर १२ गेज, स्टील प्लेट, सस्पेन्डर केवल, एच डि पि ई पाइप, ग्याविन जाली र फिटिङ सामाग्रीहरुको गुणस्तर मापदण्ड (Specification) नेपालमा उत्पादित भए NS र भारतमा उत्पादित भए IS प्रमाणित हुनुपर्ने उल्लेख छ। सिंचाई कुलो सम्बन्धी फाँटवारी परिक्षण गर्दा सबै योजनाहरुमा प्रयोग भएका माथि उल्लेखित भए बमोजिमका सामाग्रीहरुको गुणस्तर परिक्षण नभएकोले सम्झौतामा उल्लेख गरे बमोजिमकै गुणस्तरयुक्त सामाग्री प्रयोग भएको भन्न सकिने अवस्था रहेन।

सैद्धान्तिक बेरुजु

४८.४ साना सिंचाई अन्तर्गत साझेदारीमा प्राप्त भएको सशर्त रकम सम्झौताको अनुपातमा खर्चको अनुपात मिलाई लेखाङ्कन गरेको छ छैन भनि भिडाई हेर्न जटिल हुने गरेको र सशर्त तर्फको साझेदारी रकम समयमा प्राप्त नभएको अवस्थामा योजना सम्पन्न देखाउनु पर्ने भएमा पालिकाले व्यहोर्नु पर्ने २० प्रतिशत भन्दा केही योजनामा बढी (२२ देखि २३ प्रतिशत) सम्म व्यहोरेको पाइयो।

सैद्धान्तिक बेरुजु

४९ **अधुरैमा निर्माण सम्पन्न देखाएको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने, नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण समयमा काम नभएमा पूर्वनिर्धारित

क्षतिपूर्ति लिने र नियम १२८ मा खरिद सम्झौताको अन्त्य गर्न सक्ने व्यवस्था छ। सम्झौता रकम रू.६२,०५,४३५/- भएको देउमाई- फाकफोक दोभान-नावालुङ्ग-देउराली हुलाक सडकमा सववेस र कच्ची नाली निर्माण कार्य गर्ने गरी मिति २०७९।१०।१३ मा कार्की निर्माण सेवासँग खरिद सम्झौता भएको थियो। सम्झौता बमोजिम गर्नुपर्ने कार्य पुरा नगरी ८०.८१ प्रतिशत भौतिक प्रगति भएको अवस्थामा नै मिति २०८०।२।२९ मा निर्माण कार्य सम्पन्न देखाई पालिकाले निर्माण सेवालाई रू.५०,१४,७३१/- भुक्तानी दिएको छ। यस निर्माण कार्यको लागत अनुमान रु. १,३७,१७,८२४/- रहेकोमा लगत ईष्टिमेटभन्दा ५४.७६ प्रतिशत घटी (रू.६२,०५,४३५/- ठेका अंक) मा ठेक्का सकार भएकोमा निर्माण सेवालाई आर्थिक सहुलियत पुग्नेगरी सम्झौता बमोजिमको १९.१९ प्रतिशत घटी भौतिक प्रतिशत रहेकामा कार्य सम्पन्न देखाउन उपर्युक्त देखिदैन। खर्चको उपयोगिता पुष्टि हुने गरी कार्य गराउनु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **विस्तृत नापी तथा चेनेज नखुलेको -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)(ख) मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाको कार्यालयले तपशिलका सडक योजनाको सडक निर्माणमा नरम तथा कडा माटो काटेको मूल्याङ्कन गरी भुक्तानी दिएकोमा के कुन चेनेजको लम्बाई, चौडाई र उचाईमा के कुन प्रकारको माटो कटान भएको हो सोको चेनेज, विस्तृत नापी र Earthwork Calculation Sheet पेश नभएकोले चेनेज सहित विस्तृत नापी किताब पेश हुनुपर्ने रू

| गो भौ नं/मिति | योजनाको नाम | मूल्याङ्कन रकम | भुक्तानी रकम |
|---|---|---|---|
| २४३।०८०।३।१८ | थुलुङ्ग चोक रानाटार लाब्रिबोट सडक स्तरोन्नती कार्य | ६०३६८२ | ४९५५३१ |
| २३१।०८०।३।१७ | डाडाँगाउँ रिडरोड स्तरोन्नती कार्य | २४०३८३ | २००००० |
| जम्मा | | | ६९५५३१ |

| प्रमाण पेश नगरेको | ६,९५,५३१ |
|---|---|

५१ **निर्माण कार्यको नापी तथा भुक्तानी :**

५१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत निर्माण कार्य गराएका सडक, खानेपानी लगायतका संरचनाहरुको स्रेस्ता परीक्षण गर्दा कतिपय निर्माण कार्यमा मेशिनबाट काम गरेकोमा मान्छेको दर राखी खर्च लेखेको, दररेट फरक पारेको , बढी परिमाण नापी गरेको, निर्माण कार्यको चेनेज नखुलेको, विस्तृत नापी र माटो काट्ने कार्यको Earthwork calculation sheet मा नदेखाएको अवस्था देखिन आयो। जसका कारणले बढी भुक्तानी हुन गएको देखिएकोले व्यहोराहरु यस प्रकार छन :

| सैद्धान्तिक बेरुजु |
|---|

५१.२ (२-२०७९-४-३१) - सम्झौता रकम रू २७०६०८१।८४ भएको तामाखोला चिहानडाँडा भोटेडाँडा सडक स्तरोन्नती कार्यको रू २७०६०८१।८४ को मूल्याङ्कन गरी पालिकाले यस निर्माण कार्यका उपभोक्ता समितिलाई

रू २२,५०,०००/- भुक्तानी दिएको छ। रनिङ्ग बिल र सम्बद्ध नापी किताब परिक्षण गर्दा सडकको ५७७।५० मिटर लम्बाई ६ मिटर चौडाई र २० सेन्टीमिटर उचाईको ६९३ घ मी माटो मान्छेबाट कटाएको र सोही लम्बाईको चेनेजमा ६ मिटर चौडाई र २० सेन्टी मिटर मोटाईको ६९३ घ मी ढुङ्गाको सोलिङ्ग कार्य गराएको उल्लेख छ । ६ मिटर चौडाई भएको मोटोरेबल सडकमा कडा माटो खन्ने कार्य मेशिनबाट गरेको देखाउँदा दर विश्लेषण अनुसारको प्रति घ मी दर रू ६८।०२ हुन आउनेमा मान्छेबाट सडक खनेको देखाई प्रति घ मी रू. ३०९/- का दरले खर्च लेखेको पाइयो । ६ मिटर चौडाई सडकमा मेशिनको दर राखी निर्माण कार्यको दर विश्लेषण गरी कार्य गराउनु पर्नेमा मान्छेको दर राखी निर्माण कार्य गरेको देखाउँदा माटो काट्ने कार्यमा प्रति घ मी रू. २४०।९८ बढी दरले खर्च हुन जाँदा ६९३ घ मी कडा माटो काट्ने कार्यमा उपभोक्ता समितिलाई रू.१६६,९९९/- बढी भुक्तानी भएकोले पालिकाको कार्यालयलाई थप व्ययभार परेको रू.

| | |
|---|---|
| अनियमित भएको | १,६६,९९९ |

५१.३ (१२६-२०८०-१-१५) - कामको मूल्याङ्कन रू. ६,०६,४०२/- भएको गुरुङ्ग गाउँ सिङलाबु सडक स्तरोन्नती कार्यको पालिकाले उपभोक्ता समितिलाई रू. ५००,०००/- भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा यस सडक निर्माण कार्यमा २४ घ मी को सोलिङ्ग कार्य र ७२००.९० घ मी सडकको माटो काट्ने कार्य उल्लेख छ। स्रेस्तासँग सम्बन्धित नापी किताब परीक्षण गर्दा ५९६ मीटर लम्बाईको सडकमा ३ मिटर चौडाई र ३० से मी उचाईको माटो काट्ने कार्यको जम्मा ५३६.४० घ. मी. को मात्र खर्च देखाउनु पर्नेमा नापी कितावमा ७२०.३० घ मी को देखाई प्रति घ मी रू. ५५.२ ले खर्च लेखेको पाइयो। अतः माटो काट्ने कार्यमा बढी परिमाण गणना गरी खर्च लेख्दा नभएको ६६६३.९ घ.मी. को बढी रू.३६९,३१३/- बढी खर्च लेखेकोले असुल गरी दाखिला गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६९,३१३ |

५१.४ (२१२-२०८०-२-३२) - तामाखोला गुरुङ्गगाउँ चोक्टे सिलाबु केरावारी खानेपानी मर्मत कार्यको पालिकाले उपभोक्ता समितिलाई रू ३५०००० भुक्तानी दिएको छ। नापी किताब परीक्षण गर्दा यस खानेपानी आयोजनामा २० एम एम, २५ एम एम र ३२ एम एम १६ केजी प्रेसरको जम्मा २०५० मीटर एच डि पि ई पाइप लेइङ्ग भएको देखिएकोमा पालिकाले ३१५० मीटर पाइप लाइनको खन्ने कार्यको खर्च लेखेको पाइयो। कम्तिमा पाइप लेइङ्ग भएको लम्वाई बरावर मात्र पाइप लाइन खन्ने कार्यको खर्च लेखु पर्नेमा पाइप खपतको लम्बाई भन्दा ११०० मीटर बढी खन्ने कार्यको खर्च लेख्दा तपशिल बमोजिम रू ६७८१० बढी खर्च लेखेको रकम असुल हुनुपर्ने देखिएको रू

| बढी खन्ने कार्यको लम्बाई | चौडाई | गहिराई | बढी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ११०० मिटर | ०।३० | ०।५७ | १८८।१ | ३६०।५० | ६७८१० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,८१० |

५१.५ (२३१-२०८०-३-१७) - उपाध्यक्ष विकास कार्यक्रम अन्तर्गतको डाँडागाउँ रिङरोड स्तरउन्नती कार्यको पालिकाले रू २४०३८३ कामको मूल्याङ्कन गरी उपभोक्ता समितिलाई रू २००००० भुक्तानी दिएको छ। यस निर्माण कार्यको पालिकाले तयार गरेको लागत अनुमानको बिल अफ क्वान्टिटी खण्डमा १९२९।९० घ मी नरम माटो काट्ने उल्लेख भएकोले नापी मूल्याङ्कन गर्दा नरम माटो काट्ने कार्यको प्रति घ मी रू ५१।३७ का दरले गणना

गर्नु पर्नेमा कडा माटो काटेको दर रू ६८।०२ राखी गणना गर्दा प्रति घ मी नरम माटो काट्ने कार्यमा रू १६।६५ का दरले १९२९।९० घ मी को रू ३२१३३ बढी भुक्तानी भएकोले असुल हुनुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,१३३ |

५१.६ (२८९-२०८०-३-२३) - रतुवा चिण्डे ठुलो बेसी सिंचाई योजनाको रू ७१२५२० मूल्याङ्कन भई पालिकाको कार्यालयले जल उपभोक्ता संस्थालाई रू ७१०७४८ भुक्तानी दिएको छ। निर्माण कार्यसँग सम्बद्ध नापी किताब र रनिङ्ग बिल परीक्षण गर्दा मेशिनले नरम माटो काट्ने कार्य ३०७५।६० घ मी र कडा माटो काट्ने कार्य ३२६९।५५ घ मी उल्लेख छ। परीक्षण गर्दा नरम माटो काट्ने कार्य स्वीकृत दर बमोजिम नै भए तापनि ३२६९।५५ घ मी कडा माटो काट्ने कार्यको स्वीकृत दर रू ५७।०६ राखी गणना गर्नु पर्नेमा कडा चट्टान काटेको दर रू १०३।९३ राखी गणना तथा भुक्तानी दिएको पाइयो। अतः फरक दर राखी भुक्तानी गरेको कारण कडा माटो काट्ने कार्य ३२६९।५५ घ मी को प्रति घ मी रू. ४६.८७ का दरले रू १५३२४४/- बढी भुक्तानी भएकोले असुल फर्स्यौट हुनुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५३,२४४ |

५२ **सडक नाली खन्ने कार्य म्यानुअल देखाएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष सडक स्तरोन्नती कार्यका लागि सडक खन्ने तथा मैदान सम्याउने कार्यमा मेशिन (जे सि बी) प्रयोग गर्ने र सोही सडक तथा मैदानमा नाली खन्ने कार्यमा मान्छे प्रयोग गर्ने गरी दर विश्लेषण गरी लागत अनुमान तयार गरी उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत कार्य गराई खर्च लेख्ने गरेको पाइयो। सडक तथा मैदान खन्ने कार्यमा मेशिनको प्रयोग भएको र सोही सडक तथा मैदानमा नाली खन्ने समेत मेशिन नै प्रयोग भएको कतिपय फाँटवारीमा संलग्न रहेको फोटोबाट समेत पुष्टि भएकोले मेशिनबाट नालीको माटो काट्ने कार्यको दर राखी नापी तथा भुक्तानी गर्नुपर्नेमा मानिसबाट गरेको देखाई प्रति घ.मी. रू ३६०।५० का दरले खर्च लेख्ने गरेको पाइयो । यस सम्बन्धमा छलफल गर्दा सडक नालीमा माटो काट्ने कार्य मेशिनबाट भए तापनि जनश्रमदानको अंश देखाउन मानिसबाट गरेको नापीमा देखाएको जवाफ पेश भएको छ। अतः सडक तथा मैदान खन्न मेशिन प्रयोग देखाउँदा सोही स्थानको नाली खन्ने कार्य समेत मेशिनबाटै हुने भई मेशिन नै प्रयोग गरेको देखाउनु पर्नेमा मान्छे प्रयोग भएको देखाउँदा तपशिलका योजनामा रू. १७,६७,४८६/- बढी खर्च भएकोले पालिकालाई तपशिलका निर्माण कार्यमा थप व्ययभार परेको रू

| | |
|---|---|
| अनियमित भएको | १७,६७,४८६ |

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **सवारी साधन मर्मत खर्च** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले दुई पाङ्ग्रे सवारी-२ र चार पाङ्ग्रे सवारी साधन-७ समेत ९ वटा सवारी साधन मर्मत गरेवापत वार्षिक रू २३४५२४९ खर्च गरेको छ । आर्थिक वर्ष २०७९।८० मा खरिद गरेको पिकअप

गाडीमा एक वर्षभित्र ठूलो राशी मर्मत खर्च देखिनु उपयुक्त होइन। पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५४ **ईन्धन खर्च -** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १२५ लिटर ईन्धन र १० लिटर मोविल, वडा अध्यक्षलाई मासिक ३० लिटर ईन्धन र २ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङंकित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन र अन्य प्रयोजन समेतको लागि बार्षिक रु. १८७९२१७ ईन्धनमा खर्च गरेकोमा उक्त ईन्धन खर्चको लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५५ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **स्थलगत अनुगमन :**

५६.१ लागत अनुमान रू.८३,३०,१६५/- भएको मनिपुर-लामिटार सडकको माटो खन्ने, कच्ची नाली निर्माण गर्ने, ग्याविन जालीभन्दा तल्लो भागमा ढुङ्गा सोलिङ्ग गर्ने, पि सि सि गर्ने र ग्याविन जालीमा ढुङ्गा भर्ने कार्यको लागि न्यूनतम अंक कबोल गर्ने थाप्रा फुङ्ग कन्स्ट्रक्सन प्रा लिसँग रू ८२६७०४३ अंकमा खरिद सम्झौता भएको थियो। २०८० जेठ २८ गते सम्पन्न देखाएको यस निर्माण कार्यका निर्माण सेवालाई पालिकाको कार्यालयले रू ८०७८२०८ भुक्तानी दिएको छ। निर्माण कार्यको सम्बद्ध नापी किताब, रनिङ्ग बिल र भुक्तानी बिल परिक्षण पश्चात पालिका प्रतिनिधि, लेखा र लेखापरीक्षण टोली मिति २०८० भाद्र २० गते स्थलगत निरीक्षण गर्दा देखिएको व्यहोरा यस प्रकार रहेका छन :

सैद्धान्तिक बेरुजु

५६.२ यस सडक निर्माण कार्य अन्तर्गतको चेनेज नं ०+००० देखि २+५०० सम्म ५००० मिटर लम्बाई ८० सेमी चौडाई र १ मिटर उचाईको कच्ची नालामा ३२०० घ मी माटो काट्न प्रति घ मी रू ५४ ले रू १७२८००

को काम भएको नापी किताबमा उल्लेख भए तापनि स्थलगत निरीक्षण गर्दा उक्त ५००० मिटरको लम्बाईमा कच्ची नाली खनेको स्पष्ट देखिने अवस्था रहेन। कच्ची नाली खनेको पुष्टि हुने प्रमाण संलग्न हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५६.३ यस सडक निर्माण कार्य अन्तर्गतका निश्चित चेनेजमा पैरो नियन्त्रण गर्न ग्याविन जालीमा ढुङ्गा भर्ने र सो ग्याविन जालीको तल्लो भागमा ढुङ्गा सोलिङ्ग र पि सि सि गरी उक्त पि सि सि माथी वोल्डर सहितको ग्याविन जाली राख्ने डिजाइन तथा स्टिमेट भएको र सोही बमोजिम नापी तथा भुक्तानी भएको छ। नापी किताव अनुसार विभिन्न चेनेजको ९३ मिटर लम्बाई, ३ मिटर चौडाई र १५ सेमी उचाईमा ४९।५० घ मी वोल्डर सोलिङ्ग गरी रू २१९०३७।५० र सोही चेनेजको ९३ मिटर लम्बाई ३ मिटर चौडाई र ७।५० से मी मोटाईको पि सि सि गरी रू ३८९१२८।१६ समेत सोलिङ्ग र पि सि सि सम्बद्ध आइटममा रू ६०८१६६ खर्च भएको देखिन्छ। सोलिङ्ग र पि सि सि माथी विभिन्न साइजका ५१८ वटा ग्याविन जाली र सो जालीमा ११९९।५० घ.मी को वोल्डर खपत भई जाली र वोल्डरमा रू ६१२१७३० खर्च भएको देखिन्छ। स्थलगत निरीक्षण गर्दा कतिपय वोल्डर भरिएको ग्याविन जाली जमिन मुनी रहेको उल्लेख गरेकोले नापी किताबमा देखाएकै परिमाणमा जाली र वोल्डर प्रयोग भएको छ वा छैन आश्वस्त हुन सकिएन। साथै जाली भरिएको वोल्डर भन्दा तल्लो भागमा ६०८१६६ मूल्यको सोलिङ्ग र पि सि सि को कार्य भएको उल्लेख गरे तापनि जमिन मुनि रहेकोले प्राविधिक परिक्षण गर्न उपकरणको अभावको कारणले सम्भव भएन ।



सैद्धान्तिक बेरुजु

५७ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ तर आवधिक योजना अनुरुप योजना छनौट भएको पाइएन । आवधिक योजना अनुरुप नै योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३० वटा सडक तथा नाली सफाई, मर्मत, गोरेटो बाटो निर्माण लगायतका योजना सञ्चालन गरी यस वर्ष ७२ जनालाई औसत ९७.५ दिनले ७०२० दिन रोजगारी उपलब्ध गराई रु.४००९७४९ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

**५९ आन्तरिक लेखापरीक्षणबाट औल्याइएका व्यहोराहरु :**

५९.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३(८) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षकसमक्ष प्रस्तुत गर्नुपर्ने व्यवस्था छ ।कार्यालयको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका निम्नानुसारको बेरुजु फछ्यौंट भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

५९.२ **आवास तथा भवन निर्माण तथा मर्मत** : सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक कोषको उपयोग गरी खरिद तथा निर्माण कार्य सञ्चालन गर्दा सार्वजनिक कोषको अधिकतम प्रतिफल हासिल हुने गरी सार्वजनिक हितका निम्ति गर्नुपर्ने स्पष्ट व्यवस्था रहेको छ। पालिकले यस आ.व. मा अतिथि गृह व्यवस्थापन, कृषि विकास शाखा तथा पशु सेवा शाखा को मर्मत तथा पूनर्संरचना गर्ने कार्य गरेको देखिन्छ । लेखा परीक्षण गर्ने क्रममा कागजपत्रको जाँच गर्दा उक्त भवनहरु सार्वजनिक नै हुन भनि पुष्टी गर्ने प्रमाणहरु नदेखिएको हुँदा सार्वजनिक कोषको उपयोग सार्वजनिक हितकै लागि भयो भएन यकिन गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

५९.३ **बजेट फ्रिज** : आ.व. २०७९।८० मा पालिकालाई संघीय सरकार तथा प्रदेश सरकारबाट वित्तिय हस्तान्तरण मार्फत सशर्त अनुदान अन्तर्गत विनियोजन गरिएका कार्यक्रम तथा योजनाहरु कार्यान्वयन नभई रकम फिर्ता हुने गरेको देखिन्छ । यसरी बजेट फिर्ता हुने अवश्थाको अन्त्य गर्न स्रोत सुनिश्चित हुन साथ स्वीकृत बजेट तथा कार्यक्रम प्रचलित नियम तथा कानूनको परिधिमा रही कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५९.४ **मर्मत सम्भार अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार कार्यालयको स्वामित्वमा रहेका चल्ती मेशिन र सवारी साधनको मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी सोको अभिलेख मर्मत सम्भार अभिलेख खातामा अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सवारी साधन तथा ल्यापटप, प्रिन्टर,

कम्प्युटर लगायतका मेशिनरी सामानको मर्मत गर्दा लागत अनुमान स्वीकृत नगरेको साथै सो को अभिलेख मर्मत सम्भार अभिलेख खातामा चढाउने गरेको नदेखिएकोले नियमको पालना गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५९.५ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ३० योजना सञ्चालन गरी यस वर्ष ७२ जनालाई औसत ९७.५ दिनले ७०२० दिन रोजगारी उपलव्ध गराई रु.४००९७४९ श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५९.६ **सोझै खरिद सम्बन्धी व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी १० लाख भन्दा कम लागत अनुमान भएको मालसामान साथै सोही नियमावलीको नियम ७२ मा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी २० लाख भन्दा कम लागत अनुमान भएको परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयमा विभिन्न किसिमका मेशिनरी औजार उपकरण, जिन्सी तथा मसलन्द सामग्री विभिन्न मितिमा खरिद गरिएको देखिएको छ । यसरी टुक्रा टुक्रा पारेर खरिद गर्दा प्रतिष्पर्धात्मक मूल्यमा गुणस्तरीय सामग्री प्राप्त हुन सक्ने सुनिश्चितता नरहने हुँदा अनिवार्य रुपमा सार्वजनिक खरिद कानून बमोजिम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५९.७ **अमानतबाट कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार साना तिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट सम्पन्न गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले नियमित प्रकृतिका बाहेक वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका तपसिलका योजनाहरुको समेत अमानतबाट कार्य सम्पन्न गरेकोले निरूत्साहित गर्नुपर्ने देखिन्छ।

| क्र.स. | कार्यक्रम वा योजनाको नाम | वडा | अमानतबाट कार्य गर्ने | रकम |
|---|---|---|---|---|
| १ | नवालुङ नेपाल गाँउ सडक मर्मत | १ | टिका माया नेपाल | १००००० |

| | | | | |
|---|---|---|---|---|
| २ | नवालुङ हुँदै सिंगतापे आउने सडक | १ | टिका माया नेपाल | ५०००० |
| ३ | वडा कार्यालय मर्मत | ४ | इश्वर प्रसाद दाहाल | १००००० |
| ४ | युनिसेफ र माथिल्लो सुनगाभा खानेपानी मर्मत | २ | हेमसागर घिमिरे | १००००० |
| ५ | साकेलाथान माङमालुङ मर्मत | ६ | काजीमान राई | ५०००० |
| ६ | दमार साकफारा सडक मर्मत | ६ | काजीमान राई | ५०००० |
| ७ | सेसेला फेनाबुङ ढुंगे सिढी निर्माण | ५ | माधव अधिकारी | १००००० |
| ८ | बावुन्देन ढुंगे सिढी निर्माण | ५ | माधव अधिकारी | १००००० |

सैद्धान्तिक बेरुजु

५९.८ **घाँस विकास कार्यक्रम -** पालिकाले आ.व. २०७९।८० मा घाँस विकास कार्यक्रम अन्तर्गत विनियोजित बजेट मार्फत आर्थिक विकास समितिको निर्णय बमोजिम रेड नेपियर र स्मार्ट नेपियर घाँसका विरुवाहरु विभिन्न सप्लायर्सहरु बीच कोटेशन माग गरी खरिद कार्य सम्पन्न गरेको देखिन्छ । विगतका आ.व. देखिनै पालिकाले यस किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आएको देखिन्छ । यसरी निर्णय गरी यस्ता कार्यक्रम सञ्चालन गर्दै गर्दा पालिका क्षेत्र भित्र उत्पादन हुन सक्ने गत वर्षहरुमा नदोहोरिएका नयाँ नयाँ प्रजातिका बहुवर्षीय घाँसका विरुवाहरु आपूर्तिका आधारमा मात्रै नभई मागका आधारमा पनि वास्तविक कृषक पहिचान गरी वितरण गर्न सकिएको खण्डमा थप प्रभावकारी हुने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५९.९ **टोल बिकास संस्था -** माङसेबुङ गाँउपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ अनुसार वडा कार्यालयको सहयोगीका रुपमा काम गर्ने गरी टोल विकास संस्था गठन गर्नुपर्ने कार्यविधिगत प्रावधान रहेकोमा लेखा परीक्षण अवधिसम्म पालिकाका वडा नं २ बाहेकका सबै वडाहरुमा गठन गरिएको देखिन्छ । यसै कार्यविधिको दफा ५ मा वडा कार्यालयहरुले टोल विकास संस्थाको सूचीकरण गरी त्यस्ता संस्थालाई सूचीकृत गरेको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने र सो को विवरण कार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। कार्यालयमा यस सम्बन्धी कुनै पनि ठोस अभिलेख नभएकाले यस्ता संस्थाहरुको क्रियाशीतलताका सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ यसै कार्यविधिको अनुकुल भएर टोल विकास संस्था सम्बन्धी थप प्रभावकारी कार्य गर्नु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५९.१० **पकेट विकास कार्यक्रम -** माङसेबुङ गाँउपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गरी यस आ.व. मा पालिका क्षेत्र भित्र आ.व. २०७९।८० मा स्थापना भएका अदुवा तथा बेसार पकेट विकास कार्यक्रमलाई निरन्तरता दिएकोमा सार्वजनिक खर्चको अधिकाधिक प्रतिफल प्राप्त गर्न गत आ. व. मा के कति उत्पादन भयो, उत्पादित कृषि उपजको पहुँच बजार सम्म पुऱ्याउन सकियो/सकिएन, पकेट क्षेत्रमा कुनै किसिमको रोग तथा किराको प्रकोप देखियो/देखिएन, देखिएको भए त्यसको निदानका लागि के कस्ता वैकल्पिक पद्धतिको प्रयोग गरियो, पूनः त्यस क्षेत्रमा सो कार्यक्रमको निरन्तरता दिन सकिने नसकिने स्पष्ट व्यहोराको प्राविधिक प्रतिवेदन अनुसार मात्र यस्ता किसिमका कार्यक्रम निरन्तरता दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९.११ **बजार अनुगमन -** नेपालको संविधानको धारा ४४ मा मौलिक हकको रुपमा उपभोक्ताको हकलाई उल्लेख गरिएको छ । सोही हकको कार्यान्वयनका लागि नेपालमा उपभोक्ता संरक्षण ऐन, २०७५ का साथै प्रदेश बजार अनुगमन कार्यविधि, २०७६ लगायतका कानूनहरु प्रचलनमा रहेका छन् । पालिका क्षेत्र भित्र आ.व. २०७९।८० मा कुनै पनि बजार तथा पसल अनुगमन गरेको पाइएन । ऐन तथा कानूनमा भएको व्यवस्था प्रतिकुल नहुने गरी गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्दै गुणस्तरहीन वस्तु तथा सेवाको उपभोगबाट हुन जाने क्षतिलाई पूर्ति गर्न पालिकाले अनिवार्य रुपमा कार्ययोजना बनाई प्रभावकारी बजार अनुगमन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६० **अनुगमन खर्च -** गाउँपालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुले आर्थिक वर्षको अन्त्यमा विभिन्न मितिहरुमा गरेको अनुगमन बापतको अनुगमन भत्ता रु.६०७१०० भुक्तानी गरेको देखिन्छ। पालिकाबाट यस्तो खर्चमा नियन्त्रण गरी आर्थिक मितब्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **दोहोरो सुविधा-** कोशी प्रदेश सरकारद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ७ मा स्थानीय तहका पदाधिकारीहरुले पाउने यातायात सुविधाहरु तोकिएको छ । उक्त व्यवस्था अनुसार पालिकाले यातायात सुविधा अन्तर्गत पालिका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्षहरुलाई सवारी साधन उपलब्ध गराएको छ भने बाँकी पदाधिकारीलाई यातायात सुविधा अन्तर्गत मासिक रुपमा तोकीएको रकम उपलब्ध गराएको छ । यसरी पालिकाबाट सवारी साधन लिइसकेपश्चात सुविधा दोहोरो पर्नेगरी पुनः यातायात सुविधा वापत भुक्तानी लिएको देखिएकोले निम्नानुसारका पदाधिकारीले लिएको दोहोरो सुविधाको रकम सम्वन्धित पदाधिकारीहरुबाट असूल हुनुपर्ने रु

| **क्र सं** | **पदाधिकारीको नाम** | **प्रयोग गरेको सवारी साधन** | **नपाउने भुक्तानी रकम** |
|---|---|---|---|
| १ | अध्यक्ष श्री हेमन्त राई | पिकअप | ४५५०० |
| २ | वडा अध्यक्ष श्री भुपाल योङहाङ | मोटरसाइकल | ३६००० |
| ३ | वडा अध्यक्ष श्री कृष्ण बहादुर वस्नेत | मोटरसाइकल | ३६००० |

| | | | |
|---|---|---|---|
| ४ | वडा अध्यक्ष श्री लक्ष्मन राई | मोटरसाइकल | ३६००० |
| ५ | वडा अध्यक्ष श्री नविन लिम्बु | मोटरसाइकल | ३६००० |
| ६ | वडा अध्यक्ष श्री नरेन्द्र कुमार राई | मोटरसाइकल | ३६००० |
| ७ | वडा अध्यक्ष श्री प्रदिप कुमार साङपाङ | मोटरसाइकल | ३६००० |
| **जम्मा** | | | **२६१५००** |
| | | असुल गर्नुपर्ने | २,६१,५०० |

६२ **सुचना प्रकाशन तर्फ :**

६२.१ **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन :** पालिकाले यस आ.व. मा पत्रपत्रिका छपाई शीर्षकमा रकम विनियोजन गरी निभिन्न मितिमा विभिन्न पत्रपत्रिकामा सूचना प्रकाशन गरेको देखिन्छ ।यसरी प्रकाशन गर्दा बोलपत्र आह्वान गरी स्वच्छ प्रतिष्पर्धा मार्फत पारदर्शी ढंगले मितव्ययीपूर्वक सार्वजनिक खरिद ऐन र नियमावली अनुकूल भएर खरिद कार्य सम्पन्न हुने हुँदा सोही बमोजिम गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६२.२ **विज्ञापन/सूचना प्रकाशनमा संस्थागत छुट**: गोरखापत्र, कान्तिपुर लगायतका राष्ट्रिय दैनिक पत्रिकामा सरकारी कार्यालय, संघ संस्थाले विज्ञापन तथा सूचना छपाई गर्दा २५ प्रतिशत छुट दिने व्यवस्था छ। पालिकाको कार्यालयले यसरी भुक्तानी गर्दा छुट लिई खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६३ **अनुत्पादक खर्च-** पालिकाले आफ्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पूर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा पालिकाले वितरणमुखी खेलकुद कार्यक्रम, रेडियो तथा पत्रपत्रिका कार्यक्रम तथा विभिन्न सांस्कृतिक कार्यक्रममा वजेट विनियोजन गरी खर्च गरेको छ। पालिकाले यस वर्ष निम्नानुसार बितरणमुखी र अनुत्पादक कार्यमा खर्च गरेको छ। पालिकाले यसरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट प्रतिफल प्राप्त हुने नदेखिएकोले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | विवरण | रकम |
|---|---|---|
| ३३६।२०८०।२।१८ | महिला खेलकुद विकास कार्यक्रम | १९०००० |
| ३४५।०८०।२।२४ | खेलकुद विकास कार्यक्रम | १९७९०० |
| ३९४।२०८०।३।१८ | खेलकुद विकास कार्यक्रम | ५४७५२५ |
| ४१०।२०८०।३।२० | वडास्तरीय खेलकुद प्रतियोगिता | २००००० |
| २४१।०८०।१।५ | आत्मानन्द कप र पवित्रहाङमा कम खेलकुद प्रतियोगिता | ३००००० |

| | | |
|---|---|---|
| २५८।२०८०।१।७ | खेलकुद विकास कार्यक्रम | ८५७५२५ |
| ३२३।२०८०।२।१० | खेलकुद विकास कार्यक्रम | १५०००० |
| ३९४।२०८०।३।१८ | खेलकुद विकास कार्यक्रम | ३१०००० |
| ४११।२०८०।३।२० | खेलकुद विकास कार्यक्रम अन्तरगत आर्थिक सहायता | १००००० |
| ४२५।२०८०।३।२० | खेलकुद विकास कार्यक्रम | ५०००० |
| ११४।२०७९।९।२६ | रेडियो तथा पत्रपत्रिका कार्यक्रम | ३८००० |
| २५४।२०८०।१।७ | रेडियो तथा पत्रपत्रिका कार्यक्रम | १५९९९७ |
| ४०५।२०८०।३।१९ | रेडियो तथा पत्रपत्रिका कार्यक्रम | १६०००० |
| ४१३।२०८०।३।२० | रेडियो तथा पत्रपत्रिका कार्यक्रम | १६०००० |
| ४४२।२०८०।३।२१ | रेडियो तथा पत्रपत्रिका कार्यक्रम | २८२००३ |

सैद्धान्तिक बेरुजु

६४ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई रकम उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा प्रतिष्पर्धा गराई न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । पालिकाले बुलन्द मल्टिटेक्निकल मिडिया प्रा लिलाई प्रतिष्पर्धा वेगर देहायका भौचर नम्वरबाट पत्रपत्रिका छपाई तथा कार्यक्रम/तालिम संचालन गरेवापत भुक्तानी दिएको देखिन्छ। यसरी एउटै एजेन्सीलाई पटक पटक वितरणमूखी कार्यमा खर्च गर्न भुक्तानी दिएकोले यस्तो कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| क सं | **गो भौ नं र मिति** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १ | ४९।२०७९।७।४ | पत्रपत्रिका छपाइ | १९७३३ |
| २ | ८०।२०७९।८।१५ | पत्रपत्रिका छपाइ | ९१७१७ |
| ३ | ११४।२०७९।९।२६ | पत्रपत्रिका छपाई | ५७८१२ |
| ४ | २२३।२०७९।१२।१५ | पत्रपत्रिका छपाई | ३४२५३ |

| | | | |
|---|---|---|---|
| ५ | २२५।२०७९।१२।१५ | सुचना प्रकाशन | ११७००८ |
| ६ | २५४।२०८०।१।७ | पत्रीका तालिम वापत | १५२३५१ |
| ७ | २७१।२०८०।१।२१ | विविध कार्यक्रम | १४७७५ |
| ८ | ३०२।२०८०।२।५ | क्षमता विकास तालिम | ९४५७८ |
| ९ | ३६४।२०८०।३।४ | सामाग्री खरिद(अध्यक्ष विकास कोषबाट खर्च) | ४७६११ |
| १० | ३७४।२०८०।३।४ | बालबालिका क्षमता विकास कार्यक्रम | १४१९३४ |
| ११ | ४०३।२०८०।३।१९ | सार्वजनिक कार्यक्रम | ३८०८६० |
| १२ | ४५०।२०८०।३।२१ | स्थानीय पाठ्यपुस्तक निर्माण | ३६१५९३ |
| १३ | ४८९।२०८०।३।२२ | सार्वजनिक सुनुवाइ तथा घुम्ती तालिम | १४१८१७ |
| १४ | ५०६।२०८०।३।२३ | पत्रपत्रिका छपाई | २८५६५ |
| १५ | ५३६।२०८०।३।२४ | विविध | २९६०० |
| **जम्मा** | | | **१७१४२०७** |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **बढी भुक्तानी :** (४७-२०७९-७-४) - आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ३९ मा कार्यालयले स्वीकृत बजेट बाट खर्च लेख्दा संलग्न विल भरपाईको जोड जम्मा गरी हुन आउने रकम मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । त्यसै गरी खर्चलाई पुष्टयाई गर्ने प्रमाण कागजातहरु समेत खर्चको गोश्वारा भौचर साथ संलग्न गर्नुपर्दछ । पालिकाले इलाम एक्सप्रेस दैनिकलाई सूचना तथा विज्ञापन वापत रू.२२९२० भुक्तानी दिनुपर्नेमा रू २८३२० भुक्तानी दिएकोले बिल भरपाई भन्दा रू ५४००। बढी भुक्तानी भएको रकम सम्बन्धित एजेन्सीबाट असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४०० |

६६ **अध्यक्ष/उपाध्यक्ष विकास कोष :**

सार्वजनिक खर्चमा प्रभावकारिता र मितव्ययीता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ ले सरकारी खर्च किफायती गर्ने तरिका सुझाएको छ। पालिकाले अध्यक्ष विकास कार्यक्रममा रू ३० लाख र उपाध्यक्ष विकास कार्यक्रममा रू २५ लाख बजेट विनियोजन गरी धार्मिक संघ संस्था, संचारसँग सम्बन्धित संस्था तथा सानातिना निर्माण कार्यमा खर्च गरेको पाइयो। तसर्थ पालिकाले विनियोजित रकमबाट खर्च गर्दा वितरणमुखी कार्यक्रम छनौट भएको देखिएकोले विकासमुखी कार्यक्रम छनौट गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

६७ **खेलकुद विकास कार्यक्रम -** माङसेवुङ युवा तथा खेलकुद समितिको आयोजनामा संचालित वडास्तरीय पुरुष तथा महिला फुटबल/ बुद्धिचाल (चेस) प्रतियोगिता संचालन गर्न सम्झौता भई रू २४०००० पेस्की लिएकोमा रू ६१७५२५। सोधभर्ना गरी जम्मा रू ८५७५२५ भुक्तानी गरेकोमा उक्त खेलकुद प्रतियोगितामा खाजा तथा खाना खर्चका बिलहरुमा प्यान नम्बर नभएको, भरपाई तथा प्रमाण समेत चुस्त दुरस्त नराखेको, सहभागी भएवापत यातायात खर्च दोहोरो/तेहोरो बुझिलिएको देखिएकोले खर्च यथार्थ हो भन्ने स्थिति छैन। साथै उक्त खेलकुद प्रतियोगितामा सहभागी प्रशिक्षक लगायतका पदाधिकारीहरुलाई यातायात वापत खर्च गर्दा निम्न बमोजिमका पदाधिकारी/प्रशिक्षकहरुलाई दोहोरो यातायात खर्च लेखेको भरपाई पेश भएकोले दोहोरो भुक्तानी रकम यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रू

| क सं | बुझिलिनेको नाम | दोहोरिएको पटक | दर | दोहोरो भुक्तानी |
|---|---|---|---|---|
| १ | केविहाङ राई | ३ | ७००० | २१००० |
| २ | गोपाल राई | २ | ७००० | १४००० |
| ३ | शान्तिमाया लिम्बु | १ | ७००० | ७००० |
| ४ | याम लिम्बु | १ | ७००० | ७००० |
| ५ | आशिस लामगादे | १ | ७००० | ७००० |
| **जम्मा** | | | | **५६०००** |

| असुल गर्नुपर्ने | ५६,००० |
|---|---|

६८ **मेडपा कार्यक्रम खाजा खर्च -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार निकायले खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको कार्यक्रम संचालन गरेकोमा खाजा नास्ता वापत सहभागी संख्या भन्दा वढी सहभागी संख्या राखि भुक्तानी गरेको देखिएको छ । तसर्थ बढि भएको भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भौ.नं/मिति | विवरण | सहभागी संख्या | बिलमा भएको संख्या | वढी संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ५९/०८०-१-५ | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं १ | २२ | ३९ | १७ | २५५० |
| | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं २ | २२ | ३९ | १७ | २५५० |
| | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं ३ | २२ | ३९ | १७ | २५५० |
| | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं ४ | २३ | ३८ | १५ | २२५० |
| | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं ५ | २२ | ३९ | १७ | २५५० |
| | मेडपा अन्तर्गत वित्तिय सेवामा पहुँच कार्यक्रम वडा नं ६ | २२ | ४० | १८ | २७०० |
| जम्मा | | | | | १५१५० |
| | | | | असुल गर्नुपर्ने | १५,१५० |

६९ **संघ संस्थालाई अनुदान** - माङसेबुङ गाँउपालिकामा माङसेबुङ गाँउपालिकाको संस्थागत रुपमा आर्थिक सहायता उपलब्ध गराउन बनेको मापदण्ड, २०७९ कार्यान्वयनमा रहेको देखिन्छ । सो मा कानून बमोजिम दर्ता भई माङसेबुङ गाँउपालिकालाई कार्यक्षेत्र बनाएर आफ्नै कोषबाट वर्षमा १ लाखभन्दा बढीको जनहितकारी कार्यक्रम संचालन गरी गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने संस्थालाई गाँउकार्यपालिकाको वैठकको निर्णय बमोजिम अधिकतम बिस हजार सम्म सहयोग उपलब्ध गराउन सकिने व्यवस्था रहे तापनि उपरोक्त मापदण्ड विपरित विभिन्न संस्थालाई आर्थिक सहायता वितरण गरिएको छ । यसरी मापदण्ड विपरित आर्थिक सहायता वितरण गर्ने कार्यलाई निरुत्साहित गरिनु पर्दछ।

| क सं | संस्थाको नाम | रकम रू |
|---|---|---|
| १. | प्रेस चौतारी इलाम | १००००० |
| २. | मदन भण्डारि फाउन्डेशन | ४०००० |
| ३. | रेडियो नेपाल वाणी FM | ५०००० |
| ४. | याक्थुङ फिल्म्स प्रालि | ५०००० |
| ५. | बुलन्द मल्टिटेक्निकल मिडिया प्रा. लि. | ५०००० |
| ६. | बरबोटे ब्याडमिन्टन क्लब | ५०००० |

| | | |
|---|---|---|
| ७. | रत्न संचार बचत समूह | ५०००० |
| ८. | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन | ३०००० |
| ९. | निङवासो युवा क्लब | १००००० |
| १०. | लिम्बु विद्यार्थी मञ्च | ४०००० |
| जम्मा | | ५६०००० |

सैद्धान्तिक बेरुजु

७० **पकेट विकास कार्यक्रम तर्फ -** शर्शत अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ ।प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रम संचालन गरेको पाईयो । यस वर्ष पालिकाले देहाय अनुसारका कृषि तथा पशुपालन फर्महरुलाई छनौट गरी ५० प्रतिशत लागत साझेदारी मा पालिकाको देहायका फार्म/कृषक हरु सँग समझौता भएकोमा फार्म/कृषकले ब्यहोर्नु पर्ने अंशको ३० प्रतिशत नगद दाखिला गरेको पाइएको र बाँकी २० प्रतिशत रकमको श्रमदान गरेको पाइयो। तर पालिकाले नर्म्स अनुसार ५० प्रतिशत लागत सहभागिता गराउने तर्फ जोड दिनुपर्ने देखिन्छ।

| गो.भौ.नं/ मिति | कृषक संस्था | पकेट क्षेत्र | कृषकले ब्यहोर्नु पर्ने अंश | कृषकले ब्यहोर्नु पर्ने बाँकी अंश |
|---|---|---|---|---|
| १५८/०८०-३-२२ | टोङ्के मलिवासे कृषक समूह, माङसेबुङ -६ | अदुवा पकेट विकास कार्यक्रम | २७०००० | १८०००० |
| १६४/ ०८०-३-२३ | सनराईज कृषि तथा पशुपालन समूह, माङसेबुङ -२ | बेसार पकेट कार्यक्रम | २७०००० | १८०००० |
| जम्मा | | | | ३६०००० |

सैद्धान्तिक बेरुजु

७१ **लघु उद्यम विकास कार्यक्रम तर्फ :**

७१.१ पालिकाले गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत उधमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उधम विकास तालिम अन्तर्गत सिलाई कटाई र गाईपालन तालिम परामर्श दाता रौताहा टेक्निकल कलेज प्रा.लि.ईटहरी सुनसरी मार्फत सन्चालन गरी रु.१४५०८८८ खर्च गरेको देखियो।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

सैद्धान्तिक बेरुजु

७१.२ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ ।पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७१.३ (१६९-२०८०-३-२४) - पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ३५ वटा सिलाई मेशिन खरिद गरी तिन वटा समूहलाई वितरण गरेकोमा लारुम्वा चुनिया टोल लघु उद्यमी समूह वडा नं.५ बाट १८ थान मेशिन वितरण गरेको भरपाई पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५३,५०४ |

७२ **तालिम संचालन :** तालिम संचालन गर्दा पालिकाले अर्थ मन्त्रालय वा कोशी प्रदेशको खर्चको मापदण्डमा उल्लेखित नर्म्सलाई आधार मानेर लागत अनुमान तयार गरी तालिम संचालन गर्न सम्झौता गर्नुपर्नेमा खर्चको प्रस्तावना तयार नगरि तालिम संचालकहरुले पेश गरेको प्रस्तावनाको आधारमा सम्झौता गरेको पाईएको छ । तालिम कार्यक्रमहरु सञ्चालन गर्दा फरक फरक यातायात खर्च एवम खाजा खर्चको दर विवरण पेश गरेको पाईएको छ । तसर्थ अर्थ मन्त्रालय वा कोशि प्रदेश को सार्वजनिक खर्चको मापदण्डमा उल्लेख भएको दररेट लाई आधार लिई पालिकाले कार्यक्रमको प्रस्तावनाको आधारमा स्रोत ब्यक्तिको पारीश्रमिक,यातायात खर्च र प्रतिवेदन दिने ब्यवस्थाको पालना गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७३ **प्रयोजना विनाको खर्च -** पालिकाले बजेट विनियोजन गर्दा कुनै खास व्यक्ति वा संस्थालाई मात्र लाभ पुग्ने हिसाबले नभई सामुहिक लाभ हुने खालका कार्यक्रमहरुमा बजेट विनियोजन गर्नुपर्दछ। पालिकाले अध्यक्ष विकास कार्यक्रमबाट बुलन्द मल्टिटेक्निकल मिडिया प्रा लि.लाई रू ५०००० बजेट विनियोजन गरी भुक्तानी दिएकोमा सो रकमबाट उक्त मिडियाका संचालकले ल्यापटप खरिद गरेको देखिएकोले सो बजेट खर्चबाट पालिकालाई प्रत्यक्ष लाभ नपुगी व्यक्तिगत लाभ पुगेको देखिएको हुँदा पालिकाले बजेट विनियोजन गर्दा नै यस सम्बन्धमा ध्यान दिनुपर्दछ । साथै उक्त मिडियाका संचालकले सरकारी खर्चबाट व्यक्तगत प्रयोजनका लागि जिन्सी सामाग्री (ल्यापटप) खरिद गर्न नपाउने हुँदा उक्त कार्य कानून सम्मत नदेखिएकोले अनियमित देखिएको रू

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

७४ **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार कोशी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस बर्ष पदाधकारीको सुबिधामा कुल रु. ५२७७२१० खर्च लेखेको देखिन्छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ७४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७५ **बढी भुक्तानी :** पालिकाले सहायकस्तर चौथो पदमा कार्यरत छविहाङ राईलाई तिन महिनाको सहायक पाँचौ तहको तलवस्केल तोकी रू ७२२९।१६ बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,२२९ |

७६ **बढी निकासा :** ✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८०।१२।६ को निर्णयबाट रु. १८५०।- सम्परीक्षण गरिएको ।)

७७ **कृषि उपजमा अनुदान -** कृषि उत्पादन प्रोत्साहन कार्यविधि, २०७९ पारित गरी पालिकाले आ.व.०७९।०८० मा दुध, दाल, स्कुस, मालि बाँस, केरा र कफी जस्ता कृषि उपजहरुमा कार्यविधिमा तोकिए बमोजिम पुरस्कार रकम वितरण गर्ने कार्य सम्पन्न गरेको देखिन्छ । यसरी रकम वितरण गर्दा सम्बन्धित कृषकले उत्पादित सामग्रीको बिक्री मार्फत आयआर्जन गरेको छ छैन, कार्यविधिको उद्देश्य अनुरुपका कार्यहरु गर्न सकिए नसकिएको यकिन हुन सकिएन साथै मालि बाँसलाई झ्याङका आधारमा प्रोत्साहन गर्ने व्यवस्था रहेकोमा एकै झ्याङबाट बारम्बार प्रोत्साहित भइरहने हुँदा दोहोरो पर्न जाने सम्भावना रहनुका साथै वितरणमुखी कार्यक्रम भएकोले बजारीकरण गर्न नसकिएको खण्डमा सार्वजनिक खर्चको सकरात्मक प्रतिफल प्राप्त गर्न नसकिने देखिन्छ । पालिकाले यसरी कृषकहरुलाई प्रोत्साहनका रुपमा रकम वितरण गर्दा सम्बन्धित शाखाका कर्मचारीलाई जिम्मेवार बनाई पेश्की उपलब्ध गराएको देखिन्छ । यसरी पेश्की मार्फत रकम वितरण गर्दा कार्यालयको प्रशासनिक खर्च बढ्न जाने साथै सम्बन्धित लाभग्राहीले रकम पाए नपाएको यकिन गर्न नसकिने हुँदा सार्वजनिक खर्चको पारदर्शिताका लागि पेश्की निरुत्साहित गरी अनिवार्य रुपमा वैंक खाता मार्फत रकम वितरण गर्नुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७८ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । **(यस व्यहोरासँग सम्बन्धित विवरण अनुसूचीमा समावेश छ)**

उपरोक्त अनुसारको सि नं १८ को बाल कल्याण आ. वि मा ६ विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी र सि नं ३१ को बालकल्याण आ वि मा २ जना विद्यार्थी रहेकोमा १ जना शिक्षक दरवन्दी रहेका छन। विद्यार्थी संख्या न्यून भएका विद्यालयलाई नजिकको पाएक पर्ने अन्य विद्यालयमा गाभी विद्यार्थीहरु पठन पाठनको व्यवस्था मिलाउनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

**(विस्तृत विवरण बेरूजु दफा ७८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

७९ **बढी नापी गरी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१)(ख) मा प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा निर्माण कार्यको भुक्तानी दिनुपर्ने व्यवस्था छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट निर्माण भएका सामुदायिक विद्यालयहरुको रनिङ्ग बिल, सम्बद्ध नापी किताव र अन्य कागजात परिक्षण गर्दा प्लीन्थ लेभलभन्दा माथी इट्टाको गाह्रो लगाउने कार्यको नापी गर्दा झ्याल ढोकाको भागको अतिरिक्त सिल वेन्ड र लिन्टेल वेन्डको भाग घटाई नापी गर्नुपर्नेमा झ्याल र ढोकाको भाग मात्र घटाई सिल र लिन्टेल वेन्डको भाग समावेश गरी विद्यालय व्यवस्थापन समितिलाई भुक्तानी दिएको पाइयो। अतः सिल वेन्ड र लिन्टेल वेन्डको भाग नघटाई प्लीन्थ लेभल माथीको इट्टाको गाह्रोको नापी गरी खर्च लेख्दा तपशिलका विद्यालयहरुको इट्टाको गाह्रो

लगाउने आइटममा बढी घ.मी को रू ९९९१४ बढी भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको उक्त रकम विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय संचित कोषमा जम्मा गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९९,९१४ |

**(विस्तृत विवरण बेरूजु दफा ७९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८० **समानिकरण अनुदानबाट शिक्षकको तलब भत्ता :** अन्तर सरकारी वित्त व्यबस्थापन ऐन,२०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरवन्दी भित्रका शिक्षकको तलब भत्ता वापत सशर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विधालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागी सहयोग अनुदान दिन सकिने ब्यवस्था छ ।तर पालिकले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विधालयले गत विगत देखि नै आन्तरिक स्रोत बाट तलब भत्ता व्यहोरेका ७ विधालयका ७ शिक्षकलाई वित्तिय समानीकरण अनुदानबाट रु.१२४०००।०० तलब भत्ता भुक्तानी गरेको पाईयो । विधालयहरुमा शिक्षक आवश्यकता अनुसार विषयगत शिक्षकहरुको विश्लेषण तथा विधार्थीहरुको चापको आधारमा राख्नुपर्नेमा सो विश्लेषण नगरी शिक्षक राखि भुक्तानी दिएको नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,२४,००० |

८१ **लेखापरीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.७.१३.१० बिधालय सञ्चालन तथा ब्यबस्थापन अनुदान अनुसार देहायका सामुदायिक बिधालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण वापत रु.१५०००/- को दरले निकासा भएकोमा लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| क. सं . | बिधालयको नाम | अनुदान रकम |
|---|---|---|
| १ | जनता आ. बि . माङसेबुङ ४ | १५०००/- |

........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२ । ६ को निर्णयबाट रु. ३००००।-सम्परीक्षण गरिएको

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,००० |

८२ **विद्यालयको अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८३ **खरिद बिल र भरपाई** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी भएको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० क्रियाकलाप नं. २.४.६.१ बुदा नं. ५ शैक्षिक सत्रमा भएको नया विद्यार्थि भर्नाको विवरण, पाठ्यपुस्तक

खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग रकम मात्र दोस्रो पटक अनुदान दिनु उल्लेख छ । देहायका विद्यालयहरुले बिल तथा वितरण गरेको कम भरपाई भएको देखिएकोले वितरण गरेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फर्स्यौट भई पेश भएको आधारमा मिति २०८०।१२।६ को निर्णयबाट रु. ६१०६- सम्परीक्षण गरिएको । )

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,४९८ |

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८४ **दिवा खाजा -** शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र बाट प्रकाशित बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार एक आर्थिक वर्षमा वढीमा १८० दिन भन्दा वढी दिवा खाजाको रकम निकासा दिन नसकीने व्यवस्था रहेको छ । पुर्व वालविकास देखि ५कक्षा सम्मका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.१५।- का दरले दिवा खाजा अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष ३१ विद्यालयलाई विद्यालय संचालन भएको भनि रु. ४०९७४७५।०० दिवा खाजामा निकासा पठाएको छ। विद्यालयमा दिवा खाजा खुवाएको अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्नेमा नगरेको र विद्यालय संचालन भएको दिन र विद्यार्थी हाजिर भएको दिन खुल्ने प्रमाण संलग्न नभएकोले खर्च स्थिति यकिन भएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८५ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १२ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनु पर्दछ । यसवर्ष पालिकाले रू १०००००० को औषधि खरिद गरी रू ३०१७१६ को औषधि मौज्दात देखिन्छ। पालिकाले माग र आपूर्तिको आङ्कलन गरी औषधि खरिद गरी मौज्दात नरहने व्यवस्था गरिनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८६ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९९१ जना रहेका छन। पालिकाले नित्या श्री सप्लायर्स बाट ९००१ थान स्यानिटरी प्याड रु.८००४६७ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। साथै विद्यार्थीले प्राप्त गरेको वितरण भरपाई राखी खर्च भएको सुनिश्चित हुने व्यवस्था गरिनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८७ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८८ **सामाजिक सुरक्षा तर्फ :**

८८.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ।यस बर्ष पालिकाले संघबाट प्राप्त रू ७१२४६००० र नपुग थप रकम स्थानीय तहबाट रू १३३५००९ गरी जम्मा रु. ७२५८१००९ सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्

सैद्धान्तिक बेरुजु

८८.२ **वास्तविक निकासा र खर्च यकिन नभएको -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा गाउँपालिकाबाट प्राप्त रकम बैंकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैंकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले आ.व. २०७९।८० को अनुमानित बजेट प्रतिवेदनबाट ६ वटा वडाहरुमा भत्ता वितरण गर्न एक्सल डेभलपमेन्ट बैंक र सिटिजन बैंकलाई संघबाट प्राप्त रू ७१२४६००० र नपुग भनि थप रकम स्थानीयबाट रू १३३५००९ गरी जम्मा रु. ७२५८१००९। पठाएको व्यहोरा श्रेस्ताबाट देखिन आएको छ । लेखापरीक्षणमा प्राप्त रिभर्स फिडको परीक्षण गर्दा बैंकहरुले चारवटा त्रैमासिकमा रु. ६९०४३१७७ लाभग्राहीको खातामा जम्मा गरेको र बाँकी रकम रु. ३५३७८३२ बराबरको रकम लाभग्राहीको खातामा जम्मा गरेको देखिंदैन । बैंकहरुबाट रिभर्स फिडको विवरण प्राप्त भएतापनी वितरण नभई बाँकी रकमको विवरण उपलब्ध हुन आएन । यसरी वितरण गरेर बाँकी रहेको रकमको सम्बन्धमा कार्यालयसँग सोधपुछ गर्दा उक्त रकम बैंकले लाभग्राहीहरुको खातामा जम्मा गरेको भनी बैंक जम्मा भएको पत्रसाथ म्यानुअल वितरण गरेको भरपाई पेश भएको तर उक्त कारोवार रिर्भस फिडमा नदेखिएकोले यस सम्बन्धमा पालिकाले छानबिन गरी MIS को विवरण अध्यावधिक गरी सो बमोजिम रकम निकासा गरी वितरण गर्नुपर्ने देखिन्छ।

साथै वडा नं. १ का लाभग्राहीहरुको भत्ता वितरण गर्ने एक्सेल डेभलप्मेन्ट बैंकबाट प्राप्त रिभर्स फिड अनुसार जम्मा रू १४९५५६६७ निकासा भएकोमा रू १११८५८६३ लाभग्राहीको खातामा जम्मा गरी रू ३७६९८०४ बाँकी देखिन्छ। साथै अन्य वडाहरुको सिटिजन बैंकमार्फत भत्ता वितरण भएकोमा बैंकबाट प्राप्त रिभर्स फिड अनुसार रू ५७९५४९११ निकासा भएको र रू ५७८५७३१४ लाभग्राहीको खातामा जम्मा गरी रू ९७५९७ बाँकी देखिन्छ। अतः फरवार्डफिड अनुसारको निकासा र पालिकाबाट गरेको निकासामा रू ३२९५६९ देखिएकोले वास्तविक निकासा रकम र वितरण भएको रकम यकिन गर्नुपर्ने देखिन्छ।रिभर्सफिड अनुसारको निकासा र वितरणको विवरण यस प्रकार रहेको छः

| जम्मा निकासा रकम | लाभग्राहीको खातामा जम्मा | रिभर्सफिड अनुसार फिर्ता हुन बाँकी |
|---|---|---|
| १४९५५६६७ | १११८५८६३ | ३७६९८०४ |
| १२३०००३६ | १२२९१०७६ | ८९६० |
| १३३३२९२९ | १३३१५४६२ | १७४६७ |
| ८५५५४२१ | ८५५४७६० | ६६१ |
| १२७२४६६२ | १२७०८५३७ | १६१२५ |
| ११०४१८६३ | १०९८७४७९ | ५४३८४ |
| ७२९१०५७८ | ६९०४३१७७ | ३८६७४०१ |

सैद्धान्तिक बेरुजु

८८.३ **एम आई एस प्रणाली:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदा र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

८८.४ **परदर्शिता र जवाफदेहिता -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धी सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धित स्थानिय तहको वेभ साइटमा राखुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । पालिकाको कार्यालयले कार्यविधिको पालनामा ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८८.५ **नागरिकता नम्बर दोहोरो परेको -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या दोहोरिएको यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था रहेकोमा पालिकाले नागरिकता नं अद्यावधिक नगरी एउटै नागरिकता नम्बर दुई जनाको नाममा रहेको देखिएकोले सो सम्बन्धमा यकिन गरी लाभग्राही समुदायको संख्या यकिन गर्नुपर्ने देखिन्छ। नागरिकता नम्बर एउटै परेको केही उदाहरण निम्नानुसार रहेको छः

| सैद्धान्तिक बेरुजु |
|---|

**(विस्तृत विवरण बेरूजु दफा ८८.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८८.६ **अनुगमन तथा सुपरिवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

| सैद्धान्तिक बेरुजु |
|---|

८८.७ **अद्यावधिक गर्नेः** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि २०७७ को बुदा ५(१)मा स्थानिय तहले प्रत्येक आर्थिक बर्षको लागी कार्तिक मसान्त भित्र लाभग्रहीको नबिकरणको अभिलेख अनिबार्य रुपमा प्रणालिमा अभिलेख गर्नुपर्ने ब्यबस्था छ ।सो कार्यबिधिको बुँदा १० मा भत्ता पाउने लाभग्रहिको फोटो सहितको मुल अभिलेख लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्याबधिक गरी स्थानिय तह र प्रत्येक बडा कार्यलयमा राख्नुपर्ने ब्यबस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लगत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो ।

| सैद्धान्तिक बेरुजु |
|---|

८८.८ **निस्कृय खाताः** सामाजिक सुरक्षा भत्ता बितरण कार्यबिधि, २०७७ को बुदा २६(३) मा एक आर्थिक बर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको बिबरण सेवा प्रदायक बैंकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्बन्धमा स्थानीय तहले छानबिन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्यता नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयले निष्कृय खाताको विवरण राखेको पाइएन।

| सैद्धान्तिक बेरुजु |
|---|

८९ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन

निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ११ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । साथै पालिका क्षेत्रका सहकारीको क्षमता अभिवृद्धि हुने खालका कार्यक्रम सञ्चालन भएको नदेखिएकोले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

९० **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ। साथै सबै योजनाको नियमित रुपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : माङसेबुङ गाउँपालिका, इलाम , माङसेबुङ गाउँपालिका , इलाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | डिल्ली राम सुवेदी | २०७९-४-१ | २०७९-४-२० |
| कार्यालय प्रमुख | डिल्ली राम सुवेदी | २०७५-१२-१२ | २०७९-४-२० |
| कार्यालय प्रमुख | विनोद कुमार चौहान | २०७९-४-२२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | मन्जु भट्टराई | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५२१,९७३ | २,१०८,४८५ | ९३३,६३९ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४,५६४,०९७ |

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ४९०,३८६ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४,०७३,७११ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९४५१५४२६.३१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१९३८६५०० | **चालु खर्च** | २८३९५९६२१.२७ |
| **प्रदेश सरकारबाट अनुदान** | ३६७४९००० | **पूँजीगत खर्च** | १६४०९२९८५.२७ |
| **राजश्व बाँडफाँट** | ७१७३४५५४.६२ | **वित्तीय/अन्य व्यवस्था** | १११९२९९४.९७ |
| **आन्तरिक आय** | ६८७८९६९.७३ | | |
| **अन्य आय** | ८२६१०३०३.५४ | | |
| **कुल आय** | ५१७३५९३२७.८९ | **कुल खर्च** | ५५९९८२६०१.५१ |
| **बाँकी मौज्दात** | | ५१८९२१५२.६९ | |

**बेरूजु दफा ३.३ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| प्राप्ती भुक्तानी हिसाव (म ले प फा नं २७२) | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८२९,१६८,६८०.०० | ४०३,३८८,६३५.२९ | ४०३,३८८,६३५.२९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८२२,६६८,६८०.०० | ३९८,८४४,६२८.१३ | ३९८,८४४,६२८.१३ |
| ११००० कर | ११ | ८७,४४७,६८०.०० | ७३,१०१,१२४.८५ | ७३,१०१,१२४.८५ |
| १३००० अनुदान | | ३६५,२०८,०००.०० | ३२०,२३१,१०३.७८ | ३२०,२३१,१०३.७८ |
| संघीय सरकार | १२ | ३२७,६८५,०००.०० | २८८,४८६,१८८.७८ | २८८,४८६,१८८.७८ |
| प्रदेश सरकार | १२ | ३७,५२३,०००.०० | ३१,७४४,९१५.०० | ३१,७४४,९१५.०० |
| १४००० अन्य राजस्व | | ४,७०५,०००.०० | ५,४८७,९३९.५० | ५,४८७,९३९.५० |
| १५००० विविध प्राप्ति | | १००,०००.०० | २४,४६०.०० | २४,४६०.०० |
| ख. अन्य प्राप्ति | | ६,५००,०००.०० | ४,५४४,००७.१६ | ४,५४४,००७.१६ |
| वितरण गर्न बाकी राजस्व | | | | |
| कोषहरु | | ६,५००,०००.०० | १,०००,०००.०० | १,०००,०००.०० |
| धरौटी | | | ३,५४४,००७.१६ | ३,५४४,००७.१६ |

| | | | | |
|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | | |
| भुक्तानी (ग+घ) | | ५५८,४७६,१०६.३१ | ४५१,५८२,४८५.५४ | ४५१,५८२,४८५.५४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५१,९७६,१०६.३१ | ४४७,७६६,६१०.५४ | ४४७,७६६,६१०.५४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७६,२१२,७६०.०० | १६१,६५७,३९८.१० | १६१,६५७,३९८.१० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १०८,६०६,९२०.०० | ७७,४४७,८८१.०० | ७७,४४७,८८१.०० |
| २५००० सहायता (Subsidy) | १८ | | | |
| २७००० सामाजिक सुरक्षा | १८ | १,६००,०००.०० | १,५९२,९८२.०० | १,५९२,९८२.०० |
| २८००० अन्य खर्च | १८ | ४६,३९८,२३१.३१ | ४२,९७५,३६४.१७ | ४२,९७५,३६४.१७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २१९,१५८,१९५.०० | १६४,०९२,९८५.२७ | १६४,०९२,९८५.२७ |
| ३२००० वित्तीय सम्पत्ति | | | | |
| घ. अन्य भूक्तानी | | ६,५००,०००.०० | ३,८१५,८७५.०० | ३,८१५,८७५.०० |
| कोषहरु | | ६,५००,०००.०० | २,४६८,८८९.०० | २,४६८,८८९.०० |
| धरौटी | | | १,३४६,९८६.०० | १,३४६,९८६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | -९४,५१५,४२६.३१ | -४८,१९३,८५०.२५ | -४८,१९३,८५०.२५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १००,३७१,९९८.९४ | १००,३७१,९९८.९४ |

| | | | | |
|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | -९४,५१५,४२६.३१ | ५२,१७८,१४८.६९ | ५२,१७८,१४८.६९ |
| बैंक तथा नगद बाकी | २४ | | ५२,१७८,१४८.६९ | ५२,१७८,१४८.६९ |

| एकिकृत आर्थिक विवरण २०७९।८० | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आयतर्फ | | | | व्ययतर्फ | | | |
| सि.नं | विवरण | रकम | रकम | सि.नं | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | २८३९५९६२१.२७ | |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १६४०९२९८५.२७ | |
| | ख) बैंक | ९४५१५४२६.३१ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ६८७८९६९.७३ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७१७३४५५४.६२ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९१६६७५०० | | | शेयर लगानी | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) सशर्त अनुदान | २२०७१९००० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ७०००००० | | ५ | धरौटी खर्च | | |
| | घ) विशेष अनुदान | | | | फिर्ता | १३४६९८६ | |
| | | | | | सदरस्याहा | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ६ | जनश्रमदान फिर्ता | | |
| | क) वित्तिय समानीकरण अनुदान | ४५५७००० | | ७ | कोष फिर्ता | | |
| | ख) सशर्त अनुदान | २२१९२००० | | ८ | मौज्दात | | |
| | ग) समपूरक अनुदान | १००००००० | | | क) सञ्चित कोष खाता बैंक मौज्दात | ४५३०७४४७.९ | |
| | घ) विशेष अनुदान | | | | आन्तरिक अनुदान खाता | | |
| | | | | | बाँडफाटबाट प्राप्त राजश्व | | |
| | | | | | ख) नगद मौज्दात | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ९ | शसर्त अनुदान फिर्ता | ३५९०४३९६.२२ | |
| ६ | अन्तर सरकारी अख्तियारी | | | १० | गत वर्षको बढी अल्या | | |
| | क सामाजिक सुरक्षा | ७१२४६००० | | ११ | अन्तर सरकारी अख्तियारी | | |
| | ख) गरिवसँग विश्वेश्वर कार्यक्रम | ४२५५२० | | | क) सामाजिक सुरक्षा | ७१२४६००० | |
| | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | | | ख) सामाजिक सुरक्षा भत्ता फिर्ता | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | अन्य | | | | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | |
| | क) सडक बोर्ड नेपाल | | | | घ) गरिबसँग विश्वेश्वर | ४२५५२० | |
| ७ | धरौटी | | | | ङ) राष्ट्रपति महिला उत्थान कार्यक्रम | | |
| | धरौटी आय | | | | च) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | |
| ८ | विभिन्न कोषतर्फको आय | | | १२ | जनश्रमदान मौज्दात | | |
| | क प्रकोप ब्यबस्थापन कोष | ५३८१२०.६३ | | १३ | धरौटी बाँकी | ६५१५४७३.१६ | |
| | थप | २०००००० | | १४ | कोष खाताको मौज्दात | | |
| | ख बिबिध खर्च खाता | ५३८२०३.७५ | | | क) प्रकोप व्यवस्थापन कोष | २४६८८८९ | |
| ९ | धरौटी मौज्दात | ४३१८४५२ | | | ख) प्रकोप व्यवस्थापन कोष बाँकी | ६९२३१.६३ | |
| | धरौटी आय | ३५४४००७.१६ | | | ग) विविध खर्च खाता | ५३८२०३.७५ | |
| १० | लगानीको साँवा फिर्ता | | | | घ) विविध खर्च खाता बाँकी | | |
| ११ | अन्य विविध आय | | | | चालु बैंक मौज्दात | | |
| | जम्मा | ६११८७४७५४.२ | | | | ६११८७४७५४.२ | |

**बेरूजु दफा ३.५ सँग सम्बन्धित विवरण - अनुसूची -४**

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४५३०७४४७।९० | ४५३०७४४७।९० | ० |
| चालु खर्च खाता | २८५९९६ | ० | २८५९९६ |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | ० | ० | ० |
| विपद व्यवस्थापन खाता | ६९२३१।६३ | ६९२३१।६३ | |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ४७०९६४।५० | ४७०९६४।५० | ० |
| धरौटी | ६५१५४७३।१६ | ६५१५४७३।१६ | |
| ग१.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | ५२६४९११३।१९ | ५२३६३११७।१९ | २८५९९६ |

**बेरूजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची -५**

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५८६ | ५७ | १४५ | ८८ | २९६ |

### बेरूजु दफा २६ सँग सम्बन्धित विवरण - अनुसूची -६

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | १९४३११३२२।७८ | १६७९०३४४५।५६ | २६४०७८७७।२२ | 0 |
| | समपुरक | ७०००००० | २५०७३६६ | ४४९२४३४ | 0 |
| | अन्य | ० | | | |
| प्रदेश सरकार | शसर्त चालु | १७१८७९१५ | १२१८८३८३० | ५००४०८५ | 0 |
| | समपुरक | १०००००००० | ८५०२११२ | १४९७८८८ | 0 |
| | जम्मा | | | ३७४०२२८४।२२ | |

### बेरूजु दफा ३७ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क सं. | कूल लागत अनुमान | निर्माण व्यबसायीको नाम | निर्माण व्यबसायी मार्फत कार्य गराएको |
|---|---|---|---|
| १ | २४१५४२ | गजुरमुखी माई निर्माण सेवा कम्पनि, दमक | १७७००९ |
| २ | ९६०५७६ | योशा कन्स्ट्रक्सन प्रा लि | ७९९७१७ |
| ३ | ३६०५१६ | जानुका विल्डर्स प्रा लि | ३००००० |
| ४ | ६००७९२ | माङसेवुङ निर्माण सेवा प्रा लि | ५००००० |

| | | | |
|---|---|---|---|
| ५ | ६००८०६ | गजुरमुखी माई निर्माण सेवा कम्पनी दमक | ४९९१४८ |
| ६ | ६००७७८ | थपरा फुङ कन्स्ट्रक्सन प्रा लि | ५००००० |
| ७ | ४८००५५ | थपरा फुङ कन्स्ट्रक्सन प्रा लि | ४००००० |
| ८ | ६०५४९० | जुरिथुम्की निर्माण सेवा | ४९९९८९ |
| ९ | ६००२९६ | जानुका विल्डर्स प्रा लि | ५००००० |
| १० | ६००७७४ | वालार्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४९९८६६ |
| ११ | ६०३८६९ | गजुरमुखी माई निर्माण सेवा कम्पनी दमक | ४९५५३२ |

**बेरूजु दफा ५२ सँग सम्बन्धित विवरण - अनुसूची -८**

| गो भौ नं र मिति | योजनाको नाम | माध्यम | नाली खन्ने कार्यको परिमाण | लेखेको दर | लेख्नुपर्ने दर | फरक दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ४३।०७९।८।२५ | वडा नं १ को सडक मर्मत कार्यको भुक्तानी | .स उ | ४४४।६० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | १३५६३९ |
| ४७।०७९।९।१ | वडा नं ६ स्तरीय सडक सरसफाई कार्य | उ.स | २७७।८ घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ८४७५१ |
| ४९।०७९।९।१८ | वडा नं ४ स्तरीय सडक मर्मत कार्य | उ.स | ३३३।२० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | १०१६५३ |
| ५३।०७९।९।२० | वडा स्तरीय सडक मर्मत कार्य | उ।स | ३९० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ११८९८१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५९।०७९।९।२१ | वडा स्तरीय सडक मर्मत कार्य | उ।स | ३८८।४८ घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ११८५१७ |
| ६६।०७९।१०।१० | खुर्वानी र डम्वरसिंह खेल मैदान निर्माण कार्य | उ।स | ११२।५० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ३४३२२ |
| ६८।०७९।१०।१२ | वडा स्तरीय सडक मर्मत कार्य | उ।स | ३९० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ११८९८१ |
| १२०।०८०।१।७ | माङमालुङ्ग बाहिल मालवासे सडक स्तरोन्नती कार्य | उ।स | २८३।८० घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ८६५८२ |
| १२६।०८०।१।१५ | गुरुङ्ग गाउँ सिङलाबु सडक स्तरोन्नती कार्य | उ।स | २९५ घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ८९९९९ |
| १३१।०८०।१।१९ | माङमालुङ कान्छाराई विजय चर्च सानो पावा सडक स्तरोन्नती कार्य | उ।स | २७९।३५ घ.मी | ३६०।५० | ५१।३७ | ३०९।१३ | ८६३५५ |
| १३२।०८०।१।१९ | सल्लाघारी पत्रे मेवा खोला, लारुम्वा मोटर वाटो निर्माण कार्य | उ।स | २९९।६८ घ.मी | ३६०।५० | ४९।८५ | ३१०।६० | ९३०९६ |
| १५८।०८०।२।३ | रतुवा बेसी खेल मैदान निर्माण कार्य | उ।स | ३१२।७५ घ.मी | ३६०।५० | ६८।०२ | २९२।४८ | ९१४७३ |
| १५९।०८०।२।३ | रातमाटे कट्टरे पानी कटरवोटे सातविसे सडक स्तरोन्नती कार्य | उ।स | २७८ घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ८४८१२ |
| १७५।०८०।२।१० | तिन दोभाने सिंगफेरे सडक निर्माण कार्य | उ।स | २७९ घ.मी | ३६०।५० | ४९।५८ | ३१०।९२ | ८६७४७ |
| १९२।०८०।२।१९ | गैरीटार खुन्द्रेक चुलाचुली गापा सडक स्तरोन्नती कार्य | उ।स | २७९ घ.मी | ३६०।५० | ५५।४२ | ३०५।०८ | ८५११७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९६।०८०।२।२४ | शान्तिमार्ग सडक स्तरोन्नती कार्य | उ।स | २७९।३० घ.मी | ३६०।५० | ५१।३७ | ३०९।१३ | ८६३४० |
| १९७।०८०।२।२४ | शान्तिमार्ग सडक स्तरोन्नती कार्य | उ।स | २८०।८० घ.मी | ३६०।५० | ६२।०१ | २९८।४९ | ८३८१६ |
| २०५।०८०।२।२८ | जोडधारा गैरी डाँडा गाउँ तेलीटार सडक स्तरोन्नती कार्य | उ।स | २७८।९० घ.मी | ३६०।५० | ५१।३७ | ३०९।१३ | ८६२१६ |
| २४३।०८०।३।१८ | थुलुङ्ग चोक रानाटार लाम्निबोटे सडक स्तरोन्नती कार्य | उ।स | ३०० घ.मी | ३६०।५० | ४६।८७ | ३१३।६३ | ९४०८९ |
| जम्मा | | | | | | | १७६७४८६ |

**बेरूजु दफा ७४ सँग सम्बन्धित विवरण - अनुसूची -९**

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ५ जना | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | १२७५० | १९५५० | १९२०५० | १४०८६० | ४०८००० | ७७३२१० |
| २ | यातायात खर्च | ७८००० | ७८००० | २५२००० | १५०००० | ४८०००० | १०३८००० |
| ३ | टेलिफोन,मोबाइल | ३६००० | ३६००० | १०६००० | ९०००० | २४०००० | ५०८००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | २४००० | २४००० | ७२००० | ७२००० | २४०००० | ४३२००० |
| ५ | अतिथि सत्कार | १६८००० | १२०००० | ५०४००० | २१०००० | ७२०००० | १७२२००० |
| ६ | खानेपानी/बिजुली/सरसफाई | ६०००० | ६०००० | १४४००० | ९०००० | १२०००० | ४७४००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | चाडपर्व खर्च | १०००० | १०००० | ६०००० | ५०००० | २००००० | ३३०००० |
| जम्मा | | ३८८७५० | ३४७५५० | १३३००५० | ८०२८६० | २४०८००० | ५२७७२१० |

**बेरूजु दफा ७८ सँग सम्बन्धित विवरण - अनुसूची -१०**

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपुर्ती | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | करार | निजी स्रोत | स्थायी | राहत | करार | निजी स्रोत | |
| १ | महेन्द्रोदय माध्यमिक विद्यालय | १३ | ३ | | १ | १२ | ३ | | १ | २८० |
| २ | रत्नदेवी आधारभुत विद्यालय | ५ | १ | | | ५ | १ | | | ६८ |
| ३ | जनता आधारभुत विद्यालय | ४ | | | | ३ | | १ | | ६१ |
| ४ | गजुरमुखी आधारभुत विद्यालय | ५ | २ | | १ | ४ | २ | १ | १ | ११९ |
| ५ | माण्डिका आधारभुत विद्यालय | २ | २ | | | २ | २ | | | ८० |
| ६ | बरभञ्ज्याङ्ग आधारभुत विद्यालय | ५ | २ | | | ४ | २ | १ | | ७६ |
| ७ | इभाङ्ग आधारभुत विद्यालय | ४ | १ | | १ | ४ | १ | | १ | ८५ |
| ८ | सिंहदेवी आधारभुत विद्यालय | ३ | | | | ३ | | | | ५१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | जनता कल्याण आधारभुत विद्यालय | ६ | १ | | | ४ | १ | २ | | ६६ |
| १० | सरस्वती आधारभुत विद्यालय | ५ | | | | ३ | १ | १ | | ९१ |
| ११ | इभाङ्ग माध्यमिक विद्यालय | ८ | ५ | | १ | ७ | ५ | १ | १ | २०० |
| १२ | खाम्नुवा आधारभुत विद्यालय | १ | | | | १ | | १ | | २१ |
| १३ | जिवन ज्योती माध्यमिक विद्यालय | ६ | २ | | ४ | ५ | २ | १ | ४ | १७८ |
| १४ | दुर्गा माध्यमिक विद्यालय | ६ | २ | | ३ | ४ | २ | २ | ३ | १५४ |
| १५ | जनकल्याण आधारभुत विद्यालय | ४ | १ | | १ | ४ | १ | | १ | ९२ |
| १६ | बालदिप आधारभुत विद्यालय | ३ | १ | | | ३ | १ | | | ५५ |
| १७ | पवित्र आधारभुत विद्यालय | २ | | | १ | २ | | | १ | २० |
| 18 | बालकल्याण आधारभुत विद्यालय | १ | | | | १ | | | | ६ |
| १९ | दुर्गम आधारभुत विद्यालय | १ | १ | | | | १ | १ | | १६ |
| २० | बिद्या सृजनात्मक माध्यमिक बिद्यालय | ६ | ४ | | ४ | ५ | ४ | १ | ४ | १५८ |
| २१ | जनज्योती आधारभुत विद्यालय | २ | | | | २ | | | | १६ |
| २२ | सरस्वती आधारभुत विद्यालय | ४ | ३ | | १ | ४ | ३ | | १ | १६६ |
| २३ | जनता आधारभुत विद्यालय | ४ | | | | ४ | | | | ५१ |
| २४ | दुर्गम आधारभुत विद्यालय | १ | १ | | | १ | १ | | | २१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | सरस्वती माध्यमिक विद्यालय | ९ | १३ | | ३ | ९ | १२ | | ३ | ५१३ |
| २६ | जयश्वरी आधारभुत विद्यालय | २ | २ | | | २ | २ | | | ५१ |
| २७ | किरांत साम्जिक मुन्धुम आधारभुत विद्यालय | ३ | १ | | १ | २ | १ | १ | १ | ९० |
| २८ | किरांत साम्जिक निसामहिम वेदशाला | धार्मिक विद्यालय | | | २ | | | | २ | १५८ |
| २९ | चिसोपानी माध्यमिक विद्यालय | १२ | ३ | | २ | ८ | ३ | ४ | २ | ४०६ |
| ३० | सिंहेश्वरी आधारभुत विद्यालय | ३ | | | | ३ | | | | ४० |
| ३१ | बालकल्याण आधारभुत विद्यालय | | १ | | | | १ | | | २ |
| ३२ | चन्द्रेश्वरी आधारभुत विद्यालय | २ | | | | २ | | | | ४५ |
| ३३ | माङमाङलुङ आधारभुत विद्यालय | १ | १ | | | | १ | १ | | २३ |
| | जम्मा | १३४ | ५३ | | २६ | ११३ | ५३ | १९ | २६ | ३४५९ |

**दफा ७९ सँग सम्बन्धित विवरण - अनुसूची -११**

| गो भौ नं र मिति | विद्यालयको नाम | भवनको प्रकार | मूल्याङ्कन रकम | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने इट्टाको गाह्रोको परिमाण | भुक्तानी भएको इट्टाको गाह्रोको परिमाण | बढी परिमाण | दर | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ४४।०८०।३।१९ | सरस्वती मावि | ४ कोठे | ५७५७०२८ | ४९६०९९५ | २४।५२ घ मी | २६।८२ घ मी | २।३० घ मी | १७२२६।३८ | ३९६२१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५८।०८०।३।२० | किरांत साम्जिक मुन्धुम आवि | २ कोठे | २५५४६७२ | २१७९८०६ | ११।७६ घ मी | १२।९६ घ मी | १।२० घ मी | १७२२६।३८ | २०६७२ |
| ६७।०८०।३।२४ | महेन्द्रोदय मावि | ४ कोठे | ५६१९७२२ | ४६६४५०० | २४।५२ घ मी | २६।८२ घ मी | २।३० घ मी | १७२२६।३८ | ३९६२१ |
| जम्मा | | | | | | | | | ९९९१४ |

**बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची -१२**

| बिधालयको नाम | कक्षा | खरिद बिल | भरपाई | कम भरपाई | दर | रकम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महेन्द्रोदय मा. बि .- १ | ११ | २० | - | - | २७० | ५१४१ | १५५०६ |
| " | १२ | २९ | - | - | ३१६ | १०३६५ | |
| बिधा सिर्जनात्मक मा. वि .- ४ | १ | ७ | ५ | २ | ५२० | १०४० | ३६०१ |
| " | ७ | २३ | २२ | १ | ७५३ | ७५३ | |
| " | ८ | २४ | २३ | १ | ८८८ | ८८८ | |
| " | १० | १६ | १५ | १ | ९२० | ९२० | |
| जनता कल्याण आ. वि . | ३ | ६ | ५ | १ | ५८१ | ५८१ | २८२५ |
| " | ४ | ५ | ४ | १ | ६०३ | ६०३ | |
| " | ७ | ४ | ३ | १ | ७५३ | ७५३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| “ | ८ | ८ | ७ | १ | ८८८ | ८८८ | |
| गजुरमुखी आ . वि . | १ | १० | ७ | ३ | ५२१ | १५६३ | ९८८५ |
| “ | २ | ९ | ७ | २ | ५५७ | १११४ | |
| “ | ३ | ९ | ७ | २ | ५८१ | ११६२ | |
| “ | ४ | ११ | ७ | ४ | ६०३ | २४१२ | |
| “ | ५ | १३ | ११ | २ | ६४० | १२८० | |
| “ | ६ | ९ | ८ | १ | ७१३ | ७१३ | |
| “ | ७ | १८ | १७ | १ | ७५३ | ७५३ | |
| “ | ८ | १५ | १४ | १ | ८८८ | ८८८ | |
| चन्देश्वरी आ. वि . | १ | १० | ९ | १ | ५२१ | ५२१ | १६८१ |
| “ | २ | ५ | ३ | २ | ५५७ | ५५७ | |
| “ | ४ | ४ | ३ | १ | ६०३ | ६०३ | |
| जम्मा | | | | | | | ३३४९८/- |

**(प्रारम्भिक प्रतिवेदन उपर असूल भई/प्रमाण पेश भई/पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।६ को निर्णयबाट रु.६१०६ ।-सम्परीक्षण गरिएको । )**

**बेरूजु दफा ८८.५ सँग सम्बन्धित विवरण - अनुसूची -१३**

| Ward Number | Member Name | Citizenship Number | Deposited Amount |
|---|---|---|---|
| 3 | BhuwanI Prasad Samba Limbu | 115425 | 12000 |
| 3 | Lokendra Rai | 115425 | 8000 |
| 4 | Man Bahadur Rai | 34204514 | 12000 |
| 4 | Purna Bahadur Lawati | 34204514 | 12000 |
| 4 | Nar Maya Limbu | 313 | 7980 |
| 4 | Ram maya Rai | 313 | 7980 |
| 5 | Budde Rai | 30073916 | 6384 |
| 5 | Santa Bahadur Rai | 30073916 | 6384 |